सिंहेन्द्र माला

कक्षा ५

महेन्द्र माला

कक्षा ५

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लि० मा सुरक्षित

संस्करणहरू २०२९, २०३०, २०३१, २०३२,
२०३३, २०३४, २०३५, २०३६,

परिमार्जित पहिलो संस्करण २०३७

दोस्रो संस्करण २०३८

मूल्य ४।५०

मुद्रक : भारती छापाखाना २०/३११ नक्साल, काठमाडौं, नेपाल ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

– श्री ५ वीरेन्द्र

स्वर्गीय
श्री ५ महेन्द्रको
सन्देश

आफ्नो परम्परा अनुसार शिक्षालाई आजको बदलिदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ। यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खासगरेर व्यावसायिक शिक्षाको प्रचार व्यापकरूपमा गर्न नितान्त आवश्यक भएको छ। यसर्थ हाम्रा देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकका सबै बालबालिकाहरूलाई उपलब्ध गराइँदै छन्। यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्। यही मेरो हार्दिक कामना छ।

प्राक्कथन

परिवर्तन विकासको सोपान हो। देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिका लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ। राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गराउने र राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूल उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ। पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित हुने भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ।

श्री ५ को सरकारको शिक्षानीति अनुकूल वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बाल-बालिकाहरूका लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएकों जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्यपुस्तकहरू तयार गराइने व्यवस्था भएको छ। प्रमुख विषयका सबै पाठ्यपुस्तकहरू तयार गराउने र छपाउने, यी पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने, गराउने र पाठ्यपुस्तकहरूको उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन्। यिनै उद्देश्यानुरूप यो पुस्तक तयार गराउने काम भएको हो।

महेन्द्र माला कक्षा ५ सर्वप्रथम २०२९ सालमा प्रकाशित भएको हो र २०३० मा केन्द्रद्वारा नै संशोधन भै (दोस्रो संस्करणदेखि) प्रकाशित गर्ने कार्य भयो। हाल श्री ५ को सरकारले पाठ्यपुस्तकहरूको पुनः परिमार्जन गर्न आवश्यक ठानेकोले शिक्षा मन्त्रालयको आयोजना र निर्देशनमा शिक्षाविद्हरूको परिमार्जन उप-समिति गठन भै उक्त उप-समितिद्वारा २०३७ सालको यस संस्करणदेखि महेन्द्र माला कक्षा पाँच व्यापक रूपमा संशोधनका साथै परिमार्जित पाण्डुलिपि पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रबाट प्राप्त गरी प्रकाशित गरिएको छ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ।

श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

विषय सूची

शीर्षक	विधा	पृष्ठ
१. राम्रो	कविता	१
२. निसाफ	कथा	४
३. श्रीपञ्चमी	प्रबन्ध	८
४. पश्चात्ताप	कथा	१३
५. यो मेरो देश	कक्षागत गीत	१७
६. अरनिको	जीवनी	२०
७. रोपाईं	संवाद	२५
८. बिचरी चरी	कविता	३०
९. गाईजात्रा	प्रबन्ध	३३
१०. अन्तिम परीक्षा	कथा	३७
११. श्री ५ महेन्द्र	जीवनी	४१
१२. घरायसी चिठी	चिठी	४६
१३. राष्ट्रिय चिन्हहरू	प्रबन्ध	४८
१४. शैक्षिक भ्रमण	संवाद	५२
१५. देवी र दानव	कथा	५७
१६. नालापानी	कविता	६३
१७. विद्यालय सम्बन्धी चिठी	चिठी	६७
१८. गोरे र जुठे	कथा	६९
१९. राम र श्याम	संवाद	७४
२०. किसानको रहर	कविता	८०
२१. सीताजी	कथा	८३
२२. बाटोघाटोको महत्त्व	प्रबन्ध	८७
२३. नैतिक दृष्टान्त	कविता	९१

राम्रो

नेपालको उज्ज्वल ठाउँ राम्रो
सानै हवस् तापनि गाउँ राम्रो
जति म हेरूँ, उति लाग्छ राम्रो
माया मलाई अझ लाग्छ राम्रो

यो घाम राम्रो, अनि जून राम्रो
कथा छ राम्रो, अनि गीत राम्रो
स्वप्ना छ राम्रो, निदरी छ राम्रो
ब्युँझेर बोल्दा अझ कति राम्रो

आकाश राम्रो,धरती छ राम्रो
हिमाल राम्रो, छहरा छ राम्रो
बेंसी, तराई, हरियाली राम्रो
म आफू हेर्छु अझ कत्ति राम्रो

शब्द र अर्थ

उज्ज्वल = उज्यालो
धरती = पृथ्वी
निदरी = निद्रा

अभ्यास

प्रश्नहरू

१. नेपालमा के के राम्रा छन् ?
२. अन्तिम श्लोकमा के भनिएको छ ?
३. "सानै हुवस् तापनि गाउँ राम्रो" यो कहाँको कुन गाउँलाई भनेको हो ?
४. आशय स्पष्ट गर—
   जति म हेरूँ उति लाग्छ राम्रो
   माया मलाई अझ लाग्छ राम्रो
५. स्वप्ना भनेको के हो ? निदरी किन राम्रो लाग्छ ?
६. "ब्युँझेर बोल्दा अझ कत्ति राम्रो" को ब्युँझेर बोल्दा किन राम्रो हुन्छ ?

१. 'राम्रो' विशेषण शब्द जस्तै:- कालो, गोरो आदि दश ओटा विशेषण शब्द लेख ।

२. खाली ठाउँमा सुहाउँदो विशेषण भर

आँप . . . . . छ ।
घाम . . . . . छ ।
हिमाल . . . . . छ ।
आकाश . . . . . छ ।
म . . . . . छु ।
तिमी . . . . . छौ ।

निसाफ

सुधन्वा र विरोचन सँगसँगै पढ्थे, सँगसँगै खेल्थे। उनीहरू उमेर मिल्दा-जुल्दा साथी थिए। सुधन्वा असल मिजासका थिए। कसैसँग झगडा गर्दैनथे। विरोचनलाई म ठूलो भन्ने साह्रै घमण्ड थियो। उनी सधैं आफनो धाक धक्कू लाउँथे। यसले गर्दा उनको साथीभाइसँग भनाभन भई नै रहन्थ्यो। सुधन्वालाई यस किसिमको कुनै कुरा मन पर्दैनथ्यो। विरोचन कुर्लन लागेपछि सुधन्वा खालि सुनीमात्र रहन्थे। बरु अन्तैतिर कुरा लग्थे।

एक दिन विरोचनले आफना बाबुबाजे खूब ठूला हुन् भनेर धाक लगाए। त्यसै गरी आफू निक्कै ठूलो हुँ भन्ने पनि सुनाए। सुधन्वाले बहस गर्न नचाहे पनि साछी उनैलाई राखिछोडे। आखीर केही नभनी सुधन्वाले धरै पाएनन् र भने – खोइ बा ! को ठूलो, को सानो मत यसै भन्न सक्तिनँ।

विरोचनलाई पुगिहाल्यो। उनी धूमधाम जङ्गिए। म ठूलो हुँ कि होइन लौ आइज बाजी ठोकौं। हार्नेले बाँचुन्जेल जित्नेको कमारो हुनु पर्ने छ भनेर विरोचन कराउन थाले। सुधन्वाले कुरा टार्न धेरै कोशिश गरे। अरूहरूले पनि धेरै सम्झाए। तर अभिमानी विरोचनले केही गरे पनि मानेनन्। बाजी नठोकी धरै दिएनन्।

अब कोसँग सोध्ने ? भन्ने कुरामा धेरैले धेरैको नाम लिए। तर अभिमानी विरोचनसँग कसको के लाग्थ्यो। उनको हठ सकार्न परयो।

सबैजना प्रह्लादकहाँ पुगे । विरोचन र सुधन्वा दुवैले निसाफ मागे । विरोचनले ज्यानको बाजी थाप्नेको कुरा बुझेपछि प्रह्लादले भने – बाबु विरोचन मेरो छोरो हो । यो जानेर पनि तिमी किन मसँग निसाफ माग्न आयौ ?

सुधन्वाले भने– महाराज ! विरोचन तपाईंका छोरा हुन्, तपाईंको धनसम्पत्ति सबै उनी पाऊन् । तर म धन होइन, इन्साफ माग्न आएको हुँ । इन्साफमा मेरो पनि उनको जत्तिकै हक छ ।



प्रह्लाद– त्यसो भए म सबै कुरा बुझ्छु, अनि मात्र निसाफ गर्छु । लौ भन, तिमी दुईमा पहिले म ठूलो हुँ भन्ने को हो ?

विरोचन– सुधन्वा त कसरी भन्न सक्थे र ? उनी त गरीबका छोरा हुन् ।

प्रह्लाद – पहिले कसले बाजी ठोक्ने कुरा गरेको ?

सुधन्वा– विरोचनले ।

विरोचन- हो बुबा, आफू सानो भएको हुनाले सुधन्वा भैगो भैगो भन्दै थिए । मेरो करले बाजी ठोकेको ।

प्रह्लाद- अभिमानी मान्छे सधैं सानो हुन्छ । सन्तान अभिमानी भैदिए भने बाबु–आमाको पनि इज्जत घट्छ । त्यसैले विरोचन भन्दा सुधन्वा ठूला । विरोचनको आमा भन्दा सुधन्वाको आमा ठूली । विरोचनको बाबु भन्दा सुधन्वाका बाबु ठूला । मेरो निसाफ यही हो ।

सुधन्वा- महाराज, तपाईंले हामीलाई निसाफ दिनु भो । म तपाईंलाई तपाईंको छोरो फिर्ता दिन्छु । विरोचनले मेरो कमारो हुनु पर्दैन । उसो राजकुमारै भएर हजूरसँग बसून् ।

प्रह्लाद- स्याबास् सुधन्वा, तिमी सच्चैका ठूला हौ । तिम्रो विचार ठूलो हो । तिमी आफ्नो बैगुन गर्न खोज्नेलाई पनि माफ गर्न सक्ता रहेछौ । यस्तैलाई मान्छे भन्छन् ।

शब्द र अर्थ

कुर्लनु = रिस देखाउँदै ठूलो स्वरले कराउनु
वहस = छलफल
जङ्गिए = झोक्किए, रिसाएर बोले ।
कुरा टार्न = चलिरहेको कुरा अर्कैतिर लान।
अभिमानी = घमण्डी, फुइँवाज ।
निसाफ = इन्साफ, न्याय, ।
मंजूर = स्वीकार, हुन्छ भनी मान्नु ।
कर = वलजफती, बल

गुण = असल स्वभाव, विशेषता ।
बैगुन = खराब बानी, अवगुण ।

अभ्यास

१. तलका प्रश्न पढी उत्तर देऊ

(क) विरोचनको आफ्ना साथीभाइसँग किन भनाभन भइरहन्थ्यो ?
(ख) विरोचनले साथीभाइसँग के कुराको धाक लगाए ?
(ग) विरोचन र सुधन्वाको बाजी कुन कुरामा परयो ?
(घ) विरोचन र सुधन्वा प्रह्लादकहाँ किन गए ?
(ङ) प्रह्लादले विरोचनलाई किन हराए ?
(च) प्रह्लादले सुधन्वालाई किन स्याबासी दिए ?

२. तलका शब्दहरू राखी साना साना वाक्य बनाऊ

बाजी । बानी । हामी । तपाईं । अभिमानी

जस्तो:– म बाजी जित्छु ।

३. शुद्ध पारेर कापीमा सार

(क) एस्तैलाइ ठुलो मान्छे भन्छन् ।
(ख) उनी धुमधाम जंगिये ।

४. 'तपाईंले हामीलाई निसाफ दिनु भो ।' यो वाक्यमा प्रयोग भएको 'तपाईं' को ठाउँमा अरू सर्वनाम (तँ, तिमी, तिनी आदि) प्रयोग गरी पाँचओटा वाक्य बनाऊ ।

पाठ ५ श्रीपञ्चमी

सधैं भरि एकनासको स्थिति हुँदा नरमाइलो लाग्छ। त्यस्तो एकोहोरो नरमाइलोलाई नयाँ र रमाइलो पार्न हामी चाड-पर्व मनाउने गर्दछौं । हाम्रा चाड–पर्व प्रशस्त छन् । हामीलाई चाड-वाड कहिले आउला जस्तो लाग्छ । दशैं आउन कति बाँकी छ ? तिहार कहिले आउला ? फागु खेल्ने दिन कहिले आइपुग्ला ? भनेर औंला भाँचिरहन्छौं । यस्तै रमाइलो चाड मध्ये श्रीपञ्चमी पनि एउटा हो ।

यो चाड खासगरी बालकहरूले धेरै मन पराउँछन् । सबै बालक बालिकाहरू यो दिन आफ्ना आफ्ना साथी मिलेर सरस्वतीको मन्दिरमा जान्छन् । बीणा, पुस्तक र माला हातमा लिएकी सरस्वतीको सुन्दर मूर्ति देख्वछन् । सरस्वतीको राम्रो मूर्ति देखेर बालकहरू प्रसन्न हुन्छन् । केटाकेटीहरू सरस्वतीको पूजा गर्छन् । कोही आँखा चिम्लेर सरस्वतीको ध्यान गर्छन् ।

कोही सरस्वतीको स्तोत्र पाठ गर्छन् । सरस्वतीको प्रसाद लाउँछन् । आफू आफूमा अबीर घसेर केटाकेटीहरू हाँसो पनि गर्छन् । केटाकेटीहरू मन्दिरमा आपनो-आपनो नाम पनि लेख्छन् । रङ्गीचङ्गी पोशाक लगाएर छात्र-छात्राले मन्दिरको चारैतिर घुम्दा रमाइलो हुन्छ । त्यसैले विद्यार्थीहरूको लागि यो दिन धेरै रमाइलो र आनन्दको चाड हो ।

यो दिन छात्राहरू पुस्तक र कलमको पूजा गर्छन् । यस दिनलाई मानिसहरू ठूलो साइतको दिन मान्दछन् । साना केटाकेटीलाई अक्षर आरम्भ गराउने दिन पनि यही नै हो । केटाकेटीको नाक, कान पनि यसै दिन छेडिदिन्छन् ।

यो ज्ञान र विद्या दिने सरस्वतीको जन्म दिन हो ।

श्रीपञ्चमीको दिनदेखि वसन्त ऋतु शुरू हुने हुनाले यो दिनलाई 'वसन्तपञ्चमी' पनि भन्दछन् । यो दिन 'वसन्त श्रवण' हुन्छ । यसै दिनदेखि नयाँ वर्षको लागि खेतीपाती शुरू पनि गरिन्छ ।

यस दिन छात्र – छात्राहरू पूजामा विशेष चाख देखाउँछन् । विद्यालयका छात्र-छात्राहरूलाई लिएर गुरुहरू मन्दिरमा जान्छन् । गुरुहरू बाल–बालिकाहरूलाई सरस्वतीको महत्त्व बताउँछन् ।

सरस्वतीलाई फूलपातीले पूजा गरेर मात्र उनी खुशी हुन्नन् । हामीले मिहिनेत गरेर पढ्यौं भने बल्ल उनी खुशी हुन्छिन् । सफा सुग्घर भएर अरूको मदत गर्ने, झूठो नबोल्ने बानी बसाल्यौं भने सरस्वतीले हामीलाई आशीर्वाद दिन्छिन् ।

हामी पनि सरस्वतीलाई खूब खुशी गराउने कबूल गरौं । आजैदेखि हामी मिहिनेत गरेर पढ्ने, अरूलाई मदत गर्ने र साँचो मात्र बोल्ने काममा लागौं । सरस्वतीसँग पनि यही वरदान मागौं ।

शब्द र अर्थ

स्थिति = अवस्था
वीणा = सरस्वतीको बाजा, सितार ।
प्रसन्न = खुशी ।
अबीर = रातो रङ्को धूलो
स्तोत्र = स्तुति गाइएको कविता
आरंभ = शुरू, थालनी
चाख = रुचि, इच्छा
महत्त्व = महिमा
कबूल = बाचा, प्रतिज्ञा
वरदान = आसीक, आशीर्वाद,
ध्यान गर्नु = एकाग्र मनले संझनु
वसन्त श्रवण = वसन्त ऋतु शुरू भएको चाड मनाउन गरिने प्रचलन ।

अभ्यास

१. तलका प्रश्नहरूको उत्तर छोटकरीमा लेख

(क) हामी चाड-पर्व किन मनाउँछौ ?
(ख) श्रीपञ्चमीमाकसको पूजा गरिन्छ ?
(ग) श्रीपञ्चमीको चाड कसरी मनाइन्छ ?
(घ) सरस्वतीलाई के गरेर खुशी पार्न सकिन्छ ?
(ङ) कस्ता मान्छेलाई सरस्वतीले आशीर्वाद दिन्छिन् ?
(च) वसन्तपञ्चमी के हो ? यो किन मनाइन्छ ?

२. रमाइलोको नरमाइलो भने झैं तलका शब्दको उल्टो अर्थ आउने शब्द लेख

शिर। केटाकेटी। राम्रो। साँचो। सुग्घर।

३. "जानु"को भूतकालको क्रियापद लेख्दा 'गयो' हुन्छ। तलका शब्दको भूतकालको क्रियापद लेखी वाक्यमा प्रयोग गर

वस्छु। गर्छु। हाँस्छ। बताउँछ। खुशी हुन्छ।

४. तलका कुनै एक विषयमा ६० शब्दमा नबढाई प्रबन्ध लेख

(क) कृष्णाष्टमी
(ख) बुद्धजयन्ती
(ग) जनै पूर्णिमा
(घ) नागपञ्चमी
(ङ) गाइजात्रा

पश्चात्ताप

सिद्धार्थ गौतमले बुद्ध बनेर उपदेश गर्न थालेपछि उनको नाम चारैतिर फैलियो। ठाउँ-ठाउँबाट मानिसहरू दिनदिनै उनीकहाँ आउँथे। उनका सजिला र रसिला उपदेशहरू सुन्दा सुन्दै श्रद्धालुहरू आफ्नो घरबार त्यागेर उनकै पछि लाग्न थाले। यसो हुँदा दिनदिनै उनका शिष्यको संख्या बढ्न थाल्यो।

गौतमबुद्ध आफ्ना शिष्यहरू साथमा लिएर एक ठाउँबाट अर्को ठाउँमा हिंड्थे। हिंड्दा हिंड्दा जहाँ आनन्द लाग्यो त्यहीं बसेर उनी धर्मको चर्चा गर्थे।

एक दिन बिहान सबेरै गौतमबुद्ध रूखमुनि बसिरहेका थिए। प्राणीलाई किन दुःख पर्छ, त्यसबाट कसरी छुटकारा मिल्न सक्छ भन्ने विषयमा त्यहाँ प्रश्नोत्तर चलिरहेको थियो। एउटा प्रश्नको उत्तरमा बुद्धले

भने– बाबु हो ! अर्कासँग कहिल्यै पनि रीस नगर्नू । अर्कासँग रीस गर्नेसँग पनि नरिसाउनू । कसैले आफ्नो बिगारै गरेछ भने पनि त्यसको बिगार गर्न कहिल्यै नखोज्नू, यही धर्म हो । यसो गर्नाले रिसाउनेको पनि रीस हराउँछ, बिगार गर्नेले पनि बिगार गर्न छोड्छ ।''

यसै वेला एकजना मानिस त्यहाँ आए । उनको छाँटकाँट हेर्दा उनी निक्कै धनी जस्ता देखिन्थे । उनले त्यहाँ आएर कुनै भलाकुसारी पनि गरेनन् । उभिई निक्कै कड्केर भने – म तिमीलाई नै खोज्दै आएको हुँ ।

बुद्ध– किन बाबु ? बस्नोस् न ।

धनी– किन ? किन भन्न लाज लाग्दैन ?

बुद्ध– मैले तपाईंले भन्नु भएको राम्ररी बुझिन ।

धनी– तिमी भाँड हौ । आफू पनि भाँडियौ । अरूलाई पनि भाँड्यौ । तिमी खाली नचाहिंदो कुरा मात्र गरेर मानिसहरूलाई पछि लगाएर हिंड्छौ । आफू पनि काम गर्दैनौ अरूलाई पनि गर्न दिन्नौ । मानिसहरूलाई तिमी किन यसरी बिगाछौं ? एकाबिहानैदेखि यसरी गफ गर्न थालिसक्यौ । यो त गफको बेला होइन, काम गर्ने बेला हो ।

गुरुलाई यसरी गाली गरेको देख्दा चेलाहरूलाई अचम्म लाग्यो, रीस पनि उठ्यो तर गौतम बुद्ध हाँसी मात्र रहे ।

धनी मान्छेले झोक्किएर भने– लाज लाग्दैन तिमीलाई ? कसरी हाँसिरहन सकेको ? तिमी त नकच्चरा रहेछौ । कतिका आमा, बाबु, स्वास्नी, छोराछोरी रोइरहेछन् । अर्काका छोराछोरीलाई घरबाट भगायो, जोगी बनायो, अर्काका जहान बच्चाको बिचल्ली पारिदियो । तिमी पापी हौ, अपराधी हौ ।

यसरी गाली गरेको सुन्दा पनि बुद्धलाई कत्ति रीस उठेन । उनी जस्ताको तस्तै आनन्दसंग बसिरहे । गाली गर्ने मान्छेलाई झन् रीस उठ्यो ।

उनले झन् चर्की चर्की गाली गरे । गाली पनि कति बेर गर्नु र ? भन्न सकिने र भन्न हुने जति भनिसकेपछि फेरि के भनेर गाली गर्ने ? गाली गर्नेको गाली नै सकियो । उनी आफैं थाके र भुत्भुताउँदै फर्के ।

यो देखेर एकजना चेलाले गुरुसँग भने– गुरु! ती मान्छेले हजूरलाई त्यसरी नभएको दोष लगाएर गाली गरे । गुरुबाट केही आज्ञा भएन । बुद्धले भने– बाबु! यसमा आश्चर्य मान्ने कुनै कुरा छैन । जससँग जे हुन्छ उसले त्यही मात्र देखाउन सक्छ, त्यही मात्र दिन सक्छ । तिनीसंग रीस रहेछ त्यही देखाए, तिनीसँग गाली रहेछ, त्यही दिए । मसँग त्यस्तो केही थिएन । म के गरूँ, के दिऊँ ? म चूपलागें । अर्को चेलाले नम्र भएर भने– गुरुको अति पाएका भए तिनी सप्रने थिए कि ?

बुद्ध– "तिमीले भनेको ठीक हो । तर अति दिन पनि बेला कुबेला हेर्नुपर्छ । नम्र अति दिएको काम लाग्दैन । त्यति बेला मैले उनलाई अति दिन खोजेको भए उनी अति लिनु सट्टा झन् रिसाउँथे । त्यसले झन् उनको कुभलो हुन्थ्यो, त्यसैले मैले उनलाई केही नभनेको ।"

चेला– तर प्रभु ! उनी त्यसै फर्केंदा उनको के भलो भयो त ?

बुद्ध – उनी अहिले त्यसै फर्के । तर उनको रीस शान्त भएपछि उनी फेरि आउनेछन् । त्यति बेला उनलाई केही भन्ने मौका मिल्ला ।

यता यस्ता कुरा हुँदै थिए । उता गाली गरेर फर्कनेको मनमा कुरा खेल्न थाल्यो । आफूले गरेका गालीका शब्द शब्द उनले सम्झे । सँगसँगै बुद्धलाई सम्झे । बुद्ध कति गाली खाँदा पनिजस्ताको तस्तै बसिरहेका सम्झे । उनका सज्जन चेलाहरूलाई सम्झे । त्यस्तरी गाली गर्दा पनि एक जात नरिसाउने कस्तो मानिस ! कस्तो शान्त ! कस्तो प्रसन्न !

आफूले गाली गरेको संझी उनी आफैंलाई लाज लाग्न थाल्यो । जति जति पर गयो, उति उति उनलाई थक्क थक्क लाग्न थाल्यो । जता

पनि बुद्धकै शान्त तथा प्रसन्न अनुहार देखे जस्तो उनलाई लाग्न थाल्यो । उनी फरक्क फर्केर दौडदै बुद्ध भएकाठाउँमा आए । रुँदै बुद्धको पाउमा परेर उनले भने – हे प्रभु ! हजूर साँच्चिकै महात्मा हुनुहुन्छ । भगवान् हुनु हुन्छ । मैले भूल गरें, क्षमा पाउँ । मलाई पनि चेलो बनाएर शरणमा लिनुहोस् ।

भगवान् बुद्धका आँखाबाट दयाले आँसुका थोपा खसे । उनले ती मानिसलाई अँगालो हालेर छातीमा टाँसे अनि भने – बाबु, घमण्ड र रीस मानिसको सबैभन्दा ठूलो शत्रु हो । अहिले तिमी घमण्ड र रीस दुवै छोडेर आयौ । त्यसैले म तिम्रो हुँ । तिमी मेरै हौ ।

यति भनेर बुद्धले तिनलाई शरणमा लिए ।

शब्द र अर्थ

उपदेश = अति, हित हुने कुराको शिक्षा ।
श्रद्धालु = इच्छुक, असल काममा विश्वास भई इच्छा गर्ने ।
शिष्य = चेला, सिकाउन लायक ।
चर्चा = कुराकानी, छलफल ।
प्राणी = जीवजन्तु, ज्यान भएको ।
प्रश्नोत्तर = सवाल जवाफ ।
भलाकुसारी = मैत्री पूर्ण कुराकानी, सन्चो बिसन्चो वा सुख दुःखको सोधनी ।
भाँड = काम बिगार्ने, अरूलाई खराब लतमा लगाउने ।
नकच्चरा = लाज नभएका ।
बिचल्ली = बिजोग, बिल्लबाठ, आपत्ति ।
भुत्भुताउनु = मन नपरेर एक्लै बोलिरहनु ।
प्रसन्न = खुशी, दङ्ग, सन्तोषी ।
महात्मा = सन्त, महापुरुष, उत्तम विचार वा स्वभाव भएको व्यक्ति ।

अभ्यास

१. तलका प्रश्नहरूको उत्तर देऊ

(क) मानिसहरू बुद्धको पछि किन लाग्थे ?

(ख) बुद्धले चेलाहरूलाई के कस्तो उपदेश दिन्थे ?

(ग) धनी मानिस आएर बुद्धलाई के भने ?

(घ) आफूलाई गाली गर्दा पनि बुद्ध किन रिसाएनन् ?

(ङ) गाली गर्ने धनी मानिस फेरि बुद्ध भएकै ठाउँमा किन फर्केर आए ?

(च) बुद्धले माछेका सबैभन्दा ठूला शत्रु के के हुन् भनेर बताए ?

२. 'जा' धातुबाट सामान्यार्थ (सामान्य अर्थ) भएको वाक्य बनाउँदा तिमी जान्छौं । अथवा त्यो जान्छ, हुन्छ । त्यस्तै 'जा' धातुबाट आज्ञार्थ (आज्ञा अर्थ) दिने वाक्य बनाउँदा तिमी जाऊ हुन्छ । त्यसै गरी वस् र भन् धातुवाट सामान्यार्थ र आज्ञार्थ दिने एक एक ओटा वाक्य बनाऊ ।

३. तलको उदाहरण राम्ररी पढ, बुझ र दिइएका वाक्य करण भए अकरण र अकरण भए करण बनाऊ

म जान्छु । – यो वाक्य करण हो ।
म जान्न । – यो वाक्य अकरण हो ।
आज पानी पर्‍यो । – यो वाक्य करण हो ।
आज पानी परेन । – यो वाक्य अकरण हो ।

अभ्यास गर

(क) तिमीले भनेको ठीक हो ।

(ख) तपाईंले भनेको मैले बुझिन ।

(ग) उनी घर गएनन् ।

(घ) मैले भूल गरें ।

यो मेरो देश

यो मेरो देश, नेपाल हेर, कति छ रमाइलो
यो मेरो देश, नेपाल हेर, कति छ घमाइलो
यो मेरो देश ।

खोला र नाला, हरियो वन, हिमाल हाँसेको
डाँफे र मुनाल, मयूर छ यहाँ, हेर त नाचेको
लेक र बेँसी तराई, पहाड, क्या राम्रो मिलेको

यो मेरो देश, नेपाल हेर, कति छ रमाइलो
यो मेरो देश, नेपाल हेर, कति छ घमाइलो
यो मेरो देश ।

कस्तुरी मृग, गैंडा र चौंरी, छ यहाँ खेलेको
चाँप र गुराँस, छ सुनाखरी, गमक्क फुलेको
यसैमा मेरो, देशको मुहार अति छ खुलेको

यो मेरो देश, नेपाल हेर, कति छ रमाइलो
यो मेरो देश, नेपाल हेर, कति छ घमाइलो
यो मेरो देश ।

यहाँ छ पाटी, देउराली भञ्ज्याँग चौतारी खनेको
बज्दछ मादल, गम्केर यहाँ लोकगीत भाकाको
यसैले होला, छ देश मेरो स्वर्गको कखमा

यो मेरो देश, नेपाल हेर कति छ रमाइलो
यो मेरो देश, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश ।

शब्द र अर्थ

घमाइलो = घामलागेको
लेक = पहाडको माथिल्लो भाग, शिखर
बेँसी = पहाडको फेदी
चाँप = एक प्रकारको काठ वा रूख
सुनाखरी = पहेंलो र सानो जातको खरीझार
मुहार = अनुहार

अभ्यास

१. तलका प्रश्नहरूको उत्तर देऊ

(क) हाम्रो देश कस्तो छ ?

(ख) नेपाललाई रमाइलो पार्ने प्राकृतिक वस्तुहरू के के हुन् ?

(ग) डाँफे, मुनाल, कस्तूरी, गैंडा, मयूर, चौरीमा कुन कुन पशु हुन् र कुन कुन पंक्षी हुन्,छुट्टचाऊ ।

(घ) "बज्दछ मादल गम्केर यहाँ, लोक गीत भाकाको" यो वाक्यको अर्थ लेख ।

२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर ।

रमाइलो, घमाइलो, गमक्क, पाटी, चौतारो ।

३. तलका क्रियापदहरूलाई भविष्यत् कालमा बदली वाक्यमा प्रयोग गर

हेर्नु, फुल्नु, खुल्नु, खन्नु, वज्नु ।

४. तलका अशुद्ध वाक्यहरूलाई शुद्ध गर ।

बजदछ मादल गमकेर याहां लोकगीत भाकाको यसैले होला, ६ देश मेरो स्वार्गको काखमा ।

अरनिको

आज भन्दा झण्डै छ सय वर्ष अगिको कुरा हो। काठमाडौंका एकजना मामूली काम गरी खाने परिवारमा अरनिकौ जन्मेका हुन्। यिनी किशोर अवस्थामा धेरै राम्रा थिए। यिनको अनुहार, हात-गोडा, जीऊ धेरै कलिलो र सुकुमार थियो। त्यसैले यिनलाई चीनियाँहरूले माया गरेर आनिक नाउँ दिएका हुन्। यिनै आनिक पछि अरनिको नाउँले प्रसिद्ध भए।

अरनिकोको नेपाली नाउँ बलबाहु थियो। यिनका बाबु मामूली डकर्मी थिए। अरनिकोले सानैदेखि बाबुको काममा सघाऊ गरी जीविका चलाउनु पर्थ्यो। त्यसैले अरनिकोले राम्ररी लेखपढ गर्न पाएनन्। तर "हुने बिरुवाको चिल्लो पात" भने झैं यिनी सानैदेखि बंडा मिहिनेती र तीखो बुद्धिका थिए। बाबुको घर, मन्दिर बनाउने काममा यिनी चाँडै नै सिपालु भए। त्यस बाहेक यिनी मूर्ति बनाउने काममा पनि राम्रै सिपालु भए।

यिनका बाबुका एकजना साथी थिए। ती मूर्ति बनाउने काममा नामी कालीगढ थिए। अरनिको सधैं भने जसो उनका घरमा जाने गर्थे। यसरी अभ्यास गर्दा गर्दै उनी नामी कलाकार (कालीगढ) भएर निस्के।

केही समय पछि त उनले बनाएका मूर्तिहरूको बयान चारैतिर फैलियो। यो कुरो त्यति खेरका राजाले पनि थाहा पाएर उनको तारीफ गरे। अनि त अरनिको झन् झन् राम्रा मूर्ति, मन्दिर र घरहरू बनाउन थाले।

त्यस ताक नेपालमा धेरै राम्रा-राम्रा घर, मन्दिर, चैत्य बन्थे। यस कुराको बयान तिब्बत देशसम्म पनि फैलिएको थियो। तिब्बतका राजाले आफ्नो देशमा पनि त्यस्तै चैत्य, मन्दिर र दरबार बनाउने विचार गरे। उनले नेपालका नामी नामी र सिपालु कालीगढ पठाइदिने अनुरोध गरेर राजालाई चिठी लेखे। नेपालका राजाले पनि कालीगढहरू पठाएर छिमेकी राजालाई सघाउ गर्ने विचार गरे। उनले नेपालका असी जना सिपालु-सिपालु डकर्मी सिकर्मी भेला पारेर ती कालीगढका नाइके बनाई अरनिको-लाई तिब्बत पठाए। त्यति बेला अरनिको सत्र वर्षका मात्र थिए।

अरनिको आफ्ना कालीगढ साथीहरूलाई लिएर तिब्बतको राजधानी ल्हासा पुगे। राजाका आज्ञाले अरनिकोले त्यहाँ बौद्ध चैत्य (मन्दिर) बनाए। त्यो मन्दिर साह्रै राम्रो भयो। यो खबर चीनका राजा कुब्ला खाँका कानमा पनि पुग्यो।

कुब्ला खाँलाई पनि आफ्नो देशमा राम्रा दरबार र मन्दिरहरू बनाउने सोख थियो। उनले अरनिकोलाई चीन आउने निम्तो पठाए। अनि एक दिन अरनिको कुब्ला खाँको निम्तोमा पेकिङ्ग पुगे। उनी राजाका दरबारमा लगिए।

त्यति खेर चीनका राजा कुब्ला खाँको ठूलो रवाफ थियो। उनको सामू पर्दा कस्तै मै हुँ भन्नेको पनि शिर नुहुन्थ्यो। तर किशोर अरनिको उनका सामू उभिंदा पनि कत्ति डराएनन्। उनी मुसुमुसु हाँसेर राजाका मुखमा हेरिरहे।

"ए केटा! तँलाई मेरो अगाडि यसरी उभिन डर लाग्दैन ?" अरनिकोले यसरी ठाडो शिर गरेर आपनो सामू उभिएको देखेर कुब्ला खाँले आश्चर्यमा परेर सोधे।

"किन डराउनु" अरनिकोले सजिलै जवाफ दिए। "नबिराउनु, नडराउनु। मैले के बिराम गरेको छु र डराउनु? फेरि सिंहका छाउरालाई सिंहदेखि के को डर?"

अरनिकोको निर्भीक जवाफ सुनेर राजा कुब्ला खाँ जिल्ल परे। उनी मनमनै अरनिकोदेखि खुशी पनि भए। त्यस पछि उनले अरनिकोको सीप जाँच्न एउटा मूर्तिकलाको प्रतियोगिता गराए। यो प्रतियोगितामा अरनिकोले बनाएको हात्तीको मूर्ति सबै भन्दा राम्रो ठहरियो। त्यस पछि उनलाई एउटा फुटेको मूर्ति दिएर बनाउन लगाए। अरनिकोले यसलाई पछि जोडेको हो भनेर चिन्न नसकिने गरी बनाइदिए। अनि त राजालाई पनि उनी ठूला कलाकार (कालीगढ) रहेछन् भनेर पूरै पत्यार परयो। उनले अरनिकोलाई आपनो देशमा राम्रा राम्रा मन्दिर, घर र मूर्तिहरू बनाउन लगाए। उनको कामदेखि खुशी भएर उनलाई ठूला ठूला इनाम-हरू दिए।

धेरै वर्ष चीनमा बसेपछि अरनिकोले उहीं बिहावारी गरे। त्यहीं उनको नाउँ बलबाहुबाट अरनिको हुन पुग्यो, तर उनको मनमा आफ्नो देशको संझना कहिल्यै हराएन। उनले राजा कुब्ला खाँसँग धेरै पल्ट घर फर्किने इच्छा देखाए, तर राजाले उनलाई फर्कन दिएनन्। उनले धेरै मान पदवीहरू दिएर अरनिकोलाई चीनमै बस्न कर लगाए।

यसरी हाम्रो देशका एकजना तरुण कलाकारले विदेशमा गै आपनो देशको नाउँ खूब फैलाए। उनले चीनभरि नेपाली ढाँचाको घर, मन्दिर बनाएर त्यसको खूब प्रचार गरे। यसरी महान देश चीनसँग आपनो देशको मितेरी बलियो बनाएर देशको इज्जत बढाउन सकिंदो रहेछ भन्ने

कुराको उदाहरण अरनिकोले देखाए । त्यसैले उनलाई हामी हाम्रा ठूला कलाकार भनेर मान्छौं । उनी हाम्रो देशका गहना भएका छन् ।

शब्द र अर्थ

झण्डै = लगभग, पुग नपुग
किशोर = ठिटो
रवाफ = धाक
मूर्तिकला = मूर्ति बनाउने सीप
सुकुमार = कोमल, कमलो, कोमल शरीर भएको
मिहिनेती = मेहनत गर्ने, परिश्रमी
मामूली = साधारण
अनुरोध = प्रार्थना, बिन्ती
निर्भीक = निडर, नडराउने
प्रतियोगिता = होडबाजी
जीविका = भरण–पोषणको साधन, पेशा

अभ्यास

१. तलका प्रश्न पढी जवाफ देऊ

(क) अरनिको कस्तो खालको परिवारमा जन्मेका थिए ?
(ख) अरनिकोले सानैमा लेखपढ गर्न किन पाएनन् ?
(ग) अरनिकोले मूर्ति बनाउने काम कसरी सिके ?

(घ) अरनिकोलाई तिब्बत जाने मौका कसरी मिल्यो ?

(ङ) अरनिकोले कुब्लाखाँको सोधाईको के जवाफ दिए ?

(च) अरनिकोले हाम्रो देशको इज्जत कसरी वढाए ?

२. वाक्य पूरा भएपछि दिइने विराम चिह्नलाई पूर्ण विराम भन्दछन् । पूर्ण विराम दिदा वाक्यको पछाडि एउटा ठाडो धर्सो दिइन्छ ।

तलका वाक्य कापीमा सार र चाहिने ठाउँमा पूर्णविराम राख़

अरनिको देख्नमा राम्रा थिए उनलाई सबैले माया गर्थे अरनिकोका वावु डकर्मी थिए वावुको काममा उनले निकै सघाउ गर्थे ।

३. **तलका शब्द वाक्यमा राखी प्रयोग गर**

मामूली । अनुहार । सिपालु । नाइके । निम्तो । पत्यार

रोपाई

दयाराम बिष्ट र हरिनारायण चौधरी एउटै विद्यालयमा पढ्थे । उनीहरू ज्यादै मिल्ने साथी थिए । हरिनारायणको घर तराईको गाउँमा थियो । दयारामको मूलघर पहाडमा भए पनि उनको केही खेती तराईमा पनि थियो । उनी यसै साल तराइमै बसेर पढ्न आएका थिए । दुवैजना त्यसै गाउँको विद्यालयमा पढ्थे । असारको महीना शुक्रबारको दिन थियो । दुवैजना साथीहरू विद्यालय छुट्टी भएपछि रूखको छहारीमा बसेर कुरा गरिरहेका थिए ।

हरिनारायण – बुझ्यौ दयाराम, भोलि त हाम्रो खेतमा रोपाईं छ । पाँच सात हल गोरु र बीस पच्चीस रोपाहार लगाएर रोपाईं गर्ने रे । भोलि तिम्रो के काम छ ? बरु आउन छुट्टीका दिन रोपाईं

पनि हेरौं । रमाइलो हुन्छ । तिमीले त यहाँ तराईको रोपाई हेरेको छैन होला, हैन ?

दयाराम – अँ, कहाँ पाएर हेर्नू ? यसै साल त तराई आएको । पहाडमा त रोपाई कति हेरियो कति! हिलो आली गरेर खेतमा पानी टन्न भरिएर छङ-छङ समाहाबाट पानी चलेको हेर्दा त भोक तिर्खा पनि बिर्सिन्छ । त्यहीं बसेर टुलु टुलु हेरिरहुँ जस्तो लाग्छ ।

हरिनारायण – मधेशमात सम्म जग्गा हुनाले ठूला ठूला गरा हुन्छन् । गोरु पनि एकपछि अर्को हल लहरै लगाएर घुमाई घुमाई जोत्छन् । बीउ काड्ने रोपाहारहरू मीठा मीठा असारे गीत गाउँछन् । जोतेर चौकी लगाएपछि रोपाहारहरू छुपु-छुपु धान रोप्न थाल्छन् । रोपाईको दिन त घरमा बस्नै मन लाग्दैन । म त खेतैमा जान्छु । खप्न जोत्न नसके पनि बीउ ओसार्न, अरूले रोपेको हेर्न त खूब रमाइलो लाग्छ ।

दयाराम – त्यसो भए पहाडको र तराईको चलन अलिक फरक रहेछ हगि ? यहां सम्म जग्गा हुनाले बाउसेको काम त्यति साह्रो पर्दैन क्यारे । लोग्ने मानिसले पनि धान रोप्दा रहेछन् । हाम्रा पहाडमा त लोग्ने मानिसले जोत्छन् । आली लाउंछन् । बीउ ओसार्छन् । रोप्न चाहिं आइमाईले मात्रै रोप्छन् ।

हरिनारायण – पहाडमा जोतिसकेपछि गरो सम्याउने काम कसरी गर्छन् त नि ? त्यहाँ चौकी लाउनु पर्दैन र ?

दयाराम – पर्छ, जोतिसकेपछि गरो सम्म पार्न दाँदे लाउँछन् । तिमीहरू यहाँ चौकी लगाउनु भन्दा रहेछौ । तर चौकीमा दाँत

हुँदा रहेनछन् । दाँदेमा चार्हि माटो तान्ने दाँत हुन्छन् । दांदेमा चढेर हुर्र हुई गर्दै गोरु हाँकेपछि त मोटर दगुरे जस्तै गोरु दगुर्छन् । धेरै हल गोरु छन् भने त कसले चाँडो कुदाउने भन्ने होडबाजी जस्तै हुन्छ ।

हरिनारायण – अनि अरू कस्तो कस्तो हुन्छ भन न ?–

दयाराम – धान रोप्ने रोपाहारहरूले गाएका गीतले ब्यांसी नै घन्किन्छ । कुनै कुनै बाउसेहरू त बीउ हातमा लिएर नाच्न पनि थाल्छन् । एक अर्कालाई हिलो छ्यापा–छ्याप गरेर रमाइलो गर्छन् । कतै त रमाइलो गर्न बाउसेहरू हिलैमा लाप्पा पनि पो खेल्दछन् ।

हरिनारायण – ओहो ! मलाई त पहाडमा भिरालो जग्गा हुनाले ठूला ठूला खेतका गरा हुँदैनन्, अलि अलि खनजोत गरेर मात्र रोप्छन् होला भन्ने लागेको थियो । साँच्चै रमाइलो पो बतायौ । यहाँ हामीकहाँ पनि धेरै हल गोरु, धेरै रोपाहार लगाएर रोपाई गर्ने चलन पनि छ । कोही कोही पर्म लगाउन काममा जान्छन् । कोही ज्यालामा पनि जान्छन् । अरू कुरो त रमाइलो हुन्छ । तर तिमीले भने जस्तो नाच, लाप्पा र दाँदे कुदाउने त पहाडतिरै रमाइलो हुन्छ जस्तो लाग्यो ।

दयाराम – त्यति मात्र कहाँ हो र, अझ अलिक ठूला ठालूले त रोपाईमा दमाई बोलाएर बाजा बछ्याउँछन् । खसी काटेर भोज पनि खुवाउँछन् । यसरी बाजा बजाएर रोपाई गर्नलाई बेठी लगाउनु भन्दछन्,बुझ्यौ ? अरूले चार्हि पर्म गरेर पनि रमाइलै गरी रोपाई गर्छन् ।

हरिनारायण – लौ, तिम्रो कुरा सुनेर त म दङ्ग परें । हेर्न जाउँ–जाउँ जस्तो पो लाग्यो । हाम्रातिर त अस्ति बाले र जे. टि. ए.

दाइले कुरा गरेको, अब हतार हतार ठूलो-ठूलो रोपाई गर्दा धेरै अन्न उब्जिदैन रे । गोबरमल, विकासको मल पनि हालेर राम्ररी गरयो भने थोरै जग्गामा धेरै उब्जा हुन्छ रे । पोहोर त हाम्रो खेतमा त्यसरी गर्दा एक बिगाहामा १०० मन जति उब्जियो रे बुझ्यौ ?

दयाराम – कुरो उही त हो नी । हिजो आज त पहाडतिर पनि जे. टि. ए. दाइहरू घुम्छन् । राम्रा राम्रा बीउहरू रोपेर थोरै जग्गामा धेरै उब्जाउनु पर्छ भन्छन् । विकासको मल पनि खेतमा हाल्छन् ।

(दुबैजना) गफ गरेको पनि धेरै बेर भइसक्यो । घरमा गएर बाबु आमालाई काम सघाउनु पर्छ । पढ्नु पनि पर्छ । जाउँ है नमस्कार ! नमस्कार !

शब्द र अर्थ

रोपाई = रोप्ने काम
रोपाहार = धान रोप्ने स्वास्नी मानिस
चौकी = खेत वारी जोते पछि सम्म पार्ने काठ
लाप्पा = कुँस्ती
बेठी = वाजा वजाएर रोपाई गर्नु
समाहा = खेतको गराबाट वढ्ता भएको पानी वग्ने ठाउं ।
दाँदे = हिल्याएको खेतमा माटो सम्याउने दांत भएको काठको साधन
वाउसे = हिल्याएको खेत समाउने मानिस
पर्म = आलोपालोसंग एकले अर्कोको काम गर्नु
जे.टि.ए. = किसानलाई खेती गर्न सिकाउने सरकारी मान्छे (जुनियर टेक्निकल असिष्टेन्ट)

अभ्यास

१. **तलका प्रश्न पढ र जवाफ देऊ**

(क) रोपाई हेर्न किन रमाइलो लाग्छ ?

(ख) बेठी लगाउनु केलाई भन्छन् ?

(ग) यो पाठमा कुन कुन ठाउँको रोपाईको बयान गरिएको छ ?

(घ) थोरै जग्गामा धेरै उब्जाउन के के गर्नु पर्छ ?

२. बा अड्डा जानु हुन्छ । यो वाक्यमा "बा" शब्द पुलिंग हो ।
आमा भात पकाउनु हुन्छ । यो वाक्यमा आमा शब्द स्त्रीलिंग हो ।

माथिको उदाहरण पढ, बुझ र तलका शब्दको लिंग बदली वाक्यमा प्रयोग गर
गाई । आइमाई । दमाई । मामा ।

३. **तलका शब्द राखी वाक्य बनाऊ**

बीउ । रोपाहार । आली । हली । गरो । बाउसे ।

बिचरी चरी

१

वर्षा याम, एक दिन
ठूलो पानी परचो ।
काला – काला बादलले
सेता गेडी झारचो ।

२

चुट्नसम्म चुटचो आज
पारचो चिसबिल ।
बतासले हाँगो लाछचो
गुँड पुग्यो तल ।

३

झ्याम्म झुम्म रूख थियो
घरदेखि पारी ।
गाँस छैन, बास छैन
साना – साना चरी ।

४

त्यो रूखमा गुँड लाई
बस्थे दुइटा चरी ।
के गरेर दिन भर
बाँच्छन् कठैबरी ।

५

चिर्रं चिर्रं मिर्मिरेमा
गीत सुनाउंथे ।
आफैं काम गरी गरी
दिन बिताउंथे ।

६

हेर तिनको दुःख देख्दा
हाम्रो मन रुन्छ ।
आज तिनको दुःख बुझ्ने
ज्ञानी मान्छे हुन्छ ।

शब्द र अर्थ

याम = समय
चुट्यो = पिटयो, ठटायो
सेतागेडी = असिना
चिलविल = विचल्ली

अभ्यास

१. तलका प्रश्न पढी जवाफ देऊ

(क) सेता गेडी कसले झारचो ?
(ख) साना चरीको गाँस वास किन भएन ?
(ग) चरीले के गरेर दिन विताउँथी ?
(घ) कस्तो मान्छेलाई ज्ञानी भनिन्छ ?

२. 'बिचरी चरी' कविता लय मिलाई पढ

३. सेतोको कालो भएझैं तलका शब्दहरूको उल्टो अर्थ आउने शब्द लेख

साना । पारी । दिन । तल । दुःख । रुन्छ । ज्ञानी ।

४. **कुखुरो बास्छ । यो वाक्यमा कुखुरो कर्ता र बास्छ क्रिया हो**

तल कर्ता र क्रिया छयासमिस पारी दिइएको छ । कुन कर्तासँग कुन क्रिया लाग्छ मिलाई लेख ।

पानी चल्छ । वतास पर्छ । घाम लाग्छ । फूल दन्किन्छ । आगो ओइलिन्छ ।

गाइजात्रा

मानिस खान, लाउन र बासमा आरामसँग बस्न पाउँदैमा आफूलाई सुखी ठान्दैन । समय समयमा ऊ रमाइलोसँग मनोरञ्जन पनि गर्न चाहन्छ । नाचगान, जात्रा र रंग रमिता यसै गरी शुरू भएका हुन् । तर हाम्रो देशमा मनाइने जात्रा र पर्वहरू मनोरञ्जनका लागि मात्र नभएर आवश्यक सामाजिक रीतिस्थितिको रूपमा देखा पर्छन् । यी मध्ये कति त धर्म र संस्कृतिको रूपमा पनि देखा पर्छन् । गाईजात्रा पनि यस्तै किसिमको प्रचीन कालदेखि चलिआएको धर्म र संस्कृतिमा आधारित मनोरञ्जन गराउने परम्परा हो ।

नेपाल एउटा कृषिप्रधान देश हो । यहाँका बासिन्दाहरूको मुख्य पेशा नै खेतीपाती हो । गर्मीको प्रचण्ड धूप र वर्षाको मुसलधारे पानीको

कुनै पर्वाह नगरी आफूलाई सधैं काममा व्यस्त गराइराख्ने यस देशका जस्ता परिश्रमी किसान संसारका थोरै कुनामा मात्र पाइन्छन् । रात दिन काममा लागिरहने व्यक्तिलाई बेला मौकामा विश्रामको आवश्यकता पनि पर्न जान्छ । त्यसैले कामले थकित बनाएको शरीरमा नयाँ फूर्ति र उत्साह ल्याउन मानिसले मनोरञ्जनको सहारा लिन्छन् । यसरी थाकेको मन बहलाउनुलाई नै मनोरञ्जन भनिन्छ । नेपालीहरू यस्ता मनोरञ्जन गर्ने काममा बडो खप्पिस छन् । कामबाट फुर्सद पाउनासाथ उनीहरूले मनोरञ्जन गर्न विभिन्न चाडपर्व मनाउँछन् । यिनै चाडपर्वहरू मध्येको गाईजात्रा एउटा चाड हो ।

गाईजात्रा प्रायः भाद्र महीनामा जनै-पूर्णिमाको भोलिपल्ट पर्दछ । गाईजात्राका दिन बिहानैदेखि शहरका गल्लीगल्लीमा जोगी र गाई जस्तो रूप बनाएर मानिसहरू शहर घुम्छन् । कसै कसैले साँच्चैको गाई लिएर पनि घुम्छन् । बितेका वर्षमा कति मानिस मरेछन् भन्ने कुरो प्रायः यिनै

गाईहरूको संख्याबाट थाहा हुन्छ । मर्नेहरूका घरबाट गाईजात्रा निकाल्नै पर्छ । यो चलनलाई धेरैजसोले मान्दै आएका छन् । बेलुकी पख कालो नीलो घसेर बहुरूपी हुँदै खुर्सानीका माला लगाएका र भाङग्रोका ओढ्ने ओढेका बहुला जस्ता मानिसहरूले पनि दर्शकलाई प्रशस्त मनोरंजन प्रदान गर्दछन् । शहरमा गाना बजाना र थरी थरीका हँस्सी ठट्टा गर्दै हिंडेर पनि यस जात्रामा धेरैले भाग लिएका हुन्छन् ।

गाईजात्राको बारेमा एउटा किंवदन्ती छ । धेरै-धेरै अघि हाम्रै देशकी एउटी रानीले आफ्नो छोरो मरेकोमा ठूलो विलाप गर्न थालिन् रे । केही गरे पनि उनले चित्त बुझाउन नसकेको हुँदा राजाले आफ्नी रानीको मन बहलाउन गाईजात्राको परम्परा बसालेका हुन् रे । अनि यस जात्रामा मर्ने जतिका घरबाट जात्रा चलाउनु पर्ने थिति बाँधे ।"तिम्रो छोरो मात्र मरेको होइन, धेरैका घरमा मानिस मरेका छन्" भन्ने देखाएर रानीको चित्त बुझाई दिएका थिए रे ।

कुरा जे सुकं भएता पनि गाईजात्रा हाम्रो देशको आफ्नै खालको एकलौटी अति अनौठो चलन हो । यसलाई उहिलेदेखि परम्पराको रूपमा चलाई आएको त छँदै थियो । २००७ सालदेखि पत्र – पत्रिकाले पनि गाईजात्रामा हास्यव्यंगको रूपमा अरू वेला भन्दा बढ्ता केही भन्ने र बोल्ने छुट पाएका छन् । त्यसकारण पत्र–पत्रिकाले हंसाउने र व्यङ्ग्य गर्ने धेरै कुराहरू लेखेर रमाइलो गर्ने गर्दछन् । केही वर्ष यतादेखि त राजकीय प्रज्ञा-प्रतिष्ठानले पनि गाईजात्राको उत्सवमा हास्य व्यङ्ग्य कार्यक्रम प्रदर्शन गर्न थालेको छ । यसले गर्दा गाईजात्राको महत्त्व झन् बढेको छ ।

शब्द र अर्थ

प्रचण्ड	= कडा	धूप	= घाम
पर्वाह	= वास्ता	व्यस्त	= काममा लागिरहेको

परिश्रमी	= मिहिनेती	खप्पिस	= सिपालु
मन बहलाउनु	= मनलाई आनन्द दिनु	बहुरूपी	= धेरै किसिमको रूप भएको
		भाङ्ग्रो	= बोरा जस्तो खस्रो कपडा
किंवदन्ती	= भनाइ	परम्परा	= चलिआएको
व्यङ्ग्य	छेडछाड		

अभ्यास

१. तलका प्रश्न पढी उत्तर देऊ

(क) मनोरञ्जन केलाई भन्छन् ?

(ख) मनोरञ्जनको आवश्यकता किन पर्छ ?

(ग) गाईजात्रा देखाउने चलनको बारेमा कस्तो किंवदन्ती छ ?

(घ) गाईजात्रा कस्ता घरबाट निकालिन्छ ?

२. तलका शब्द वाक्यमा प्रयोग गरे

मुसलधारे । मनोरञ्जन । उत्साह । खप्पिस । सहारा ।

३. तलका वाक्यमा क्रियापद अशुद्ध छन् शुद्ध गर

(क) नेपाल कृषि प्रधान देश हुन् ।

(ख) यहाँका किसान परिश्रमी छ ।

(ग) गाईजात्रा रमाइला चाड हुन् । हामी धेरै चाड मनाउंछन् ।

४. एउटा मात्र जनाउने शब्दलाई एक वचन भन्दछन् । एक भन्दा बढी जनाउनेलाई बहु वचन भन्दछन् । रूखमा चरो छ । यो एक वचनमा छ । रूखमा चराहरू छन्, यो वाक्य बहु वचनमा प्रयोग भएको छ । तलका वाक्य एक वचनमा लेखिएका छन् तिनलाई बहु वचनमा लेख

(क) गाई चर्छ । गाई चरचो । गाई चर्ला ।

अन्तिम परीक्षा

कौरव र पाण्डव दुवै पक्षका राजकुमारहरू आचार्य द्रोणसित धनुर्विद्या सिक्दथे । भिन्न भिन्न रुचि र दक्षता भएका यी राजकुमारहरू धनुर्विद्यामा एकनास थिएनन् । सबै निपुण र निशाना अचूक भएका भएता पनि दुर्योधन, कर्ण र अर्जुन धनुर्विद्यामा विशेष सिपालु ठहरिएका थिए ।

दुर्योधन राजा धृतराष्ट्रका जेठा छोरा थिए । जेठा भएकाले आफ्ना आमा बाबुका विशेष स्नेह प्राप्त र घमण्डी थिए । कर्ण प्रत्येक कुरा राम्ररी बुद्धि पुऱ्याएर गर्न सक्ने, समझदार व्यक्ति थिए । उनी अरू भन्दा केही कम थिएनन् । अर्जुन राजा पाण्डुका साँहिला छोरा थिए । स्वभावैले उनी ठूलालाई आदर गर्ने, मिहिनेती र मिलनसार थिए । अध्ययन कार्यमा सधैं लगनशील रहने उनको बानी थियो । यी तीन मध्ये सबै भन्दा उत्तम कुन चाँहि हो छुट्याउन गाह्रो थियो ।

एक दिनको कुरो हो । आफ्ना यी तीन विद्यार्थीहरूलाई जाँच्न गुरु द्रोणले परीक्षाको तयारी गरे । सबै राजकुमारहरूलाई लिएर उनी एउटा मैदानमा पुगे । त्यस मैदानको बीचमा एउटा ठूलो सिमलको रूख थियो । उनले एउटा नक्कली चरोलाई त्यो रूखको हाँगोमा झुण्ड्याउन लगाए । अनि दुर्योधन, कर्ण र अर्जुनलाई एकै पंक्तिमा उभ्याई उनले भने– "निशानको निम्ति राखिएको त्यो नक्कली चराको आँखामा वाणले हानी जसले खसाल्न सक्छ त्यो आजको परीक्षामा सर्वश्रेष्ठ ठहरिने छ । त्यसको लागि तयार होऊ ।"

गुरुको आज्ञा अनुसार तीनैजना आफ्ना आफ्ना धनुर्वाण लिई तयार भए । आचार्य द्रोणले सर्वप्रथम दुर्योधनलाई भने – "दुर्योधन ! लौ भन, तिमी के के देखिरहेछौ ?" दुर्योधनले भने – "यतिखेर मैले मेरा अगाडि रहनु भएका तपाईं गुरु, वाण हान्न ठीक परेको म आफैं र रूखमा रहेको त्यो चरालाई देखिरहेको छु ।" यो जवाफ सुनी गुरु द्रोणले दुर्योधनलाई त्यहाँबाट हटाई कर्णलाई अगाडि बढाए । कर्णलाई पनि गुरुले त्यही प्रश्न सोधे । कर्णले उत्तर दिए – "गुरु ! म रूख र त्यो माथिको चरो देखि-रहेको छु ।" गुरुले कर्णलाई पनि हटाए ।

अब पालो आयो अर्जुनको । गुरुलाई नमस्कार गरी अर्जुन परीक्षाको निम्ति तयार भए । गुरुले अर्जुनलाई भने – "अर्जुन ! तिमी तयार छौ ? अर्जुनले भने – "गुरुदेव ! हजुरको आशीर्वाद पाई म तयार छु ।" गुरुले भने – "लौ भन, तिमी के देखिरहेका छौ ?" 'गुरुवर ! रूखको टुप्पामा राखिएको त्यो चराको टाउको मात्र देखिरहेको छु" भनी अर्जुनले जवाफ दिए । उनको यस्तो उत्तर सुनेर गुरु प्रसन्न भई वाण हान्ने आज्ञा दिए ।

अर्जुनको वाण मात्र के छुटेथ्यो चरो भुइँमा खस्यो । अर्जुनको पिठ्यूंमा स्याबासीको धाप दिंदै गुरु द्रोणाचार्यले सन्तोषको सास फेरे । आफ्ले ताकेको निशाना बाहेक अरूतिर दृष्टि फिंजाउनेबाट अचूक रूपले

काम पूरा हुन सक्दैन भन्ने कुरा पनि गुरु द्रोणले त्यहाँ भएका सबै राजकुमारहरूलाई सम्झाए ।

शब्द र अर्थ

धनुर्विद्या	= धनु सम्बन्धी विद्या
रुचि	= दिलचस्पी
अचूक	= भूल नगर्ने, नविराउने
स्नेह	= प्रेम, माया
अध्ययन कार्य	= पढ्ने काम
सर्वश्रेष्ठ	= सबैभन्दा राम्रो
सन्तोष	= सन्तोक
आचार्य	= गुरु
दक्षता	= निपुणता, सिपालु भएको
निशाना	= वाण, वन्दूक आदिले ताकेर हान्ने
आदर	= सत्कार, सम्मान
लगनशील	= मन लगाएर काम गर्ने
आशीर्वाद	= आसीक
दृष्टि	= हेर्ने काम

अभ्यास

१. प्रश्न

(क) कौरव र पाण्डव राजकुमारहरूका आचार्य को थिए ?

(ख) धनुर्विद्यामा सबै राजकुमार उत्तिकै निपुण नहुनाको कारण के हो ?

(ग) आचार्य द्रोणले सिमलको रूखको टुप्पामा नक्कली चरो किन राखे ?

(घ) आफ्ना तीनै विद्यार्थीहरूलाई गुरुले के प्रश्न गरे ?

(ङ) गुरुको प्रश्नको जवाफ अर्जुनले के दिए ?

(च) यो परीक्षाबाट गुरुले अरू राजकुमारहरूलाई के शिक्षा दिए ?

२. **तलका वाक्य एक वचनमा लेखिएका छन् त्यसलाई बहु वचनमा लेख**

(क) विद्यार्थी बाण हान्न सिपालु थियो ।

(ख) रूखको टुप्पामा चराको टाउको देख्छु ।

३. **अँध्यारोको उज्यालो भए झैं तलका शब्दको उल्टो अर्थ आउने शब्द लेख**

जेठा । अन्तिम । चूक । सफल । टुप्पो । प्रश्न ।

४. **अर्जुन चरालाई खसाल्न सफल भए । यो वाक्यलाई वर्तमान र भविष्यत् कालका दुई बेग्लाबेग्लै वाक्य बनाऊ ।**

५. **तलका वाक्यहरू शुद्ध गरी लेख**

अर्जुनलाई पालो आएको छ । दुर्योधन घमण्ड छ । तिमी तयार छन् । म गुरुको नमस्कार गरछ । सिमलको रूखमा चरा वस्नु भयो ।

स्व० श्री ५ महेन्द्र

हाम्रा प्यारा राजा श्री ५ महेद्र आज हामीहरूका बीचमा होइबक्सन्न । तर मौसूफका कामहरू, विचार-हरू, स्वदेशप्रति मौसूफबाट देखाइ-बक्सेका त्यागहरू हाम्रा मनमा कुंदि-एका छन् । तिनले हामीलाई प्रेरणा दिन्छन्—देशको निम्ति काम गर्नलाई । श्री ५ त्रिभुवनलाई हामी सबै नेपालीले श्रद्धापूर्वक सम्झिरहेक. छौं । मौसूफबाट वि. सं. २००७ सालमा राणाशासन खतम गर्न नेपालमा क्रान्ति ल्याइबक्स्यो । साथै प्रजातन्त्र बक्स्यो । स्व. श्री ५ महेन्द्रबाट देशको माटो सुहाउने पंचायती प्रजातन्त्र बक्स्यो । पिछडिएको नेपाललाई दिलो ज्यान दिई उंभो लगाइबक्स्यो । श्री ५ त्रिभुवन झैं श्री ५ महेन्द्र पनि आफ्ना अमर कामले अमर होइ-बक्सेको छ ।

स्व. श्री ५ त्रिभुवनका जेठा छोरा श्री ५ महेन्द्रको जन्म वि. सं. १९७७ साल आषाढ महीनामा नारायणहिटी राजदरबारमा भएको थियो। पढाइ—लेखाइद्वारा उन्नति गर्न चाहनेहरूलाई राणा शासकले देखिनसहने भएकाले त्यस समयमा शिक्षा-दीक्षा तथा साहित्यको उन्नति हुन सकेको थिएन । राजाको परिवारले दरबारभित्रै शिक्षा हासिल गर्नु पर्थ्यो ।

त्यसैले श्री ५ महेन्द्रको शिक्षा-दीक्षा नारायणहिटीमै भयो। मौसूफबाट संस्कृत, उर्दू, अंग्रेजी र हिन्दी भाषामा राम्रो ज्ञान हासिल गरिबक्स्यो। नेपाली भाषाको र साहित्यको अध्ययन गर्दा-गर्दा मौसूफबाट नेपालीमा कविता लेख्न पनि थालिबक्स्यो। श्री एम. वि. वि. शाह तथा म. वि. वि. शाहको नामबाट हामीले जति पनि कविता पढ्ने तथा गीत सुन्ने मौका पाएका छौं, ती सब मौसूफकै हुन्।

श्री ५ महेन्द्रको विवाह बीस वर्षको उमेरमा श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहसँग भयो। मौसूफहरूका तीन छोरा र तीन छोरी भए। जेठा सुपुत्र श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव (हाल श्री ५ महाराजाधिराज सरकार) होइबक्सिन्छ। दुर्भाग्यवश वि. सं. २००७ सालमा श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीको स्वर्गारोहण भयो। दुई वर्षपछि श्री ५ महेन्द्रको विवाह श्री ५ रत्नराज्यलक्ष्मी देवी शाह (हाल श्री ५ मुमा बडामहारानी) संग भयो।

श्री ५ महेन्द्रबाट स्वर्गीय श्री ५ त्रिभुवनलाई देशको काममा सहयोग र सरसल्लाह बक्सिन्थ्यो। मौसूफ राजनीतिक पुस्तक पढ्नमा ज्यादै रुचि राखिबक्सिन्थ्यो। त्यसैले मौसूफ बुबाकै समयमा राम्रो राजनीतिज्ञ होइबक्सेको थियो। मौसूफ बुद्धिमान् होइबक्सिन्थ्यो र मौसूफको सम्झना शक्ति पनि तीखो थियो।

आफ्ना पूज्य बुबाज्यूबाट बक्सेको प्रजातन्त्रलाई फुलाउन-फलाउन श्री ५ महेन्द्रबाट वि. सं. २०१५ सालमा आम निर्वाचन गराइबक्स्यो। अब देशमा जनताले चुनेका व्यक्तिहरूले शासन चलाउने व्यवस्था भयो। काङ्ग्रेस पार्टीको मन्त्रीमण्डल बन्यो। नयाँ सरकारले देश बनाउने काम गर्छ कि भनी मौसूफबाट प्रतीक्षा गरिबक्स्यो, तर देशको उन्नति र प्रगति हुन सकेन। देशलाई चाँडै विकसित तुल्याउन रातदिन चिन्तित हुने राजाबाट जनताद्वारा चुनिएर आएका नेताहरूले राम्रो काम गर्न नसकेको हुनाले

वि. सं. २०१७ साल पुस १ गते दलबाट बनेको सरकार खारेज गरिबक्स्यो। अनि मौसूफबाट देशको हावापानी सुहाउँदो पंचायती व्यवस्था लागू गरिबक्स्यो।

मौसूफबाट बाल–विवाह, बहु–विवाह, जातिभेद आदि खराबीलाई निर्मूल पार्न मुलुकी ऐन बक्स्यो। भूमिसुधार, गाउँफर्क राष्ट्रिय–अभियानहरू पनि मौसूफबाटै उठाइबक्सेका कदमहरू हुन्। भूमिसुधार ऐन लागू भएपछि गरीब, दुःखी किसानहरूको ठूलो कल्याण भएको छ। त्यस्तै गाउँफर्कले हाम्रो देशका पिछडिएका गाउँहरूलाई विकसित तुल्याउन कम्मर कसी काम गर्न सबैलाई आव्हान गरेको छ।

श्री ५ महेन्द्रबाट देशको विकास हुने कामहरू मात्र भएनन्, नेपालको नाउँ विदेशमा चम्काउने कामहरू पनि भए। मौसूफबाट संसारका धेरैजसो देशहरूको भ्रमण गरिबक्सी नेपालको नाउँ संसारमा फिंजाइबक्स्यो। मौसूफकै प्रयासले गर्दा नेपाल सत्र वर्षअघि, संसारका धेरैजसो देशहरू मिलेर बनेको सङ्घ संयुक्त राष्ट्रसङ्घको सदस्य बन्यो। यो ठूलो कुरा हो। त्यस्तै कुनै पनि देशसँग झगडा नगर्ने तथा दुई देशका बीच झगडा भए पनि कुनैको पक्ष नलिने असंलग्न नीति कायम राखी मौसूफबाट नेपाललाई खतरा र संकटबाट बचाइबक्स्यो।

श्री ५ महेन्द्रलाई बुद्धिमान्, महान् देशभक्त र जनताका अत्यन्त प्यारा राजा मात्र होइन, ठूला कविको रूपमा पनि हामीले चिनेका छौं। मौसूफका कवितालेहामीलाई प्रेरणा दिन्छ। जस्तोः–

सुख दुःख हाम्रो हामी नै –
आपस–आपसमा बाँडौंला।
जुन देशमा जन्म्यौं हामी –
त्यसकै लागि मरौंला।

कविवर श्री म. वि. वि शाहलाई देशभक्त कविका रूपमा हामी चिन्दछौं । हे वीर ! हिंड अगि सरी, भन्ने उहाँको कविता ज्यादै प्रसिद्ध छ। श्री म. वि. वि. शाहका दुईवटा गीति कविताका पुस्तक छापिएका छन् । ती हुन् – 'उसैको लागि' र 'फेरि उसैको लागि ।'

अत्यन्त दुःखको कुरा, हाम्रा राष्ट्रनायक श्री ५ महेन्द्रको वि. सं. २०२८ साल माघ महीनामा मुटुको व्यथाले अकस्मात् स्वर्गारोहण भयो । हामी सम्पूर्ण जनतामा यसले शोक र दुःखको बज्रपात परयो । तर दुःखमा पनि धैर्यपूर्वक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट राज्यारोहण गरि-बक्सेर देश विकासको अभिभारा वहन गरिबक्सी जनतालाई सान्त्वना बक्सेको हुँदा हामी सम्पूर्ण नेपाली जनताले पनि धैर्य धारण गरी मौसूफको सदिच्छानुसार देशविकासको अभियानमा अग्रसर भएका छौं ।

शब्द र अर्थ

स्वर्गीय	=	मृत्यु भएको व्यक्तिको नाउँको अगाडि जोडिने शब्द, स्वर्गवासी
त्याग	=	निःस्वार्थपूर्ण काम
श्रद्धापूर्वक	=	श्रद्धासहित
प्रजातन्त्र	=	प्रजाले देशको शासन गर्न पाउने व्यवस्था
स्वर्गारोहण	=	मृत्यु
राजनीतिज्ञ	=	देशको शासनव्यवस्था वा राजनीति चलाउने कुरामा सिपालु, राजनीतिमा बाठो, राजकाज व्यवस्था जानेको
आम निर्वाचन	=	सारा जनताले आफ्नो प्रतिनिधि चुन्ने काम
बाल–विवाह	=	साना बालक बालिकाको बिहे
बहु–विवाह	=	एक जना मान्छेले धेरै स्वास्नी बिहे गर्ने चलन
जाति–भेद	=	म ठूलो जातको, तँ सानो जातको भन्ने भेदभाव
मुलुकी ऐन	=	हाम्रो देशको कानून, ऐन
असंलग्न	=	कसैको पनि एकतर्फी पक्ष नलिई दुवै पक्षसँग मित्रता राख्ने नीति

अभ्यास

प्रश्नहरू

१. श्री ५ महेन्द्रलाई अमर किन भनेको ?

२. श्री ५ महेन्द्रको शिक्षा–दीक्षा कहाँ भयो ?

३. कविवर म. वि. वि. शाह भनेको कसको नाउँ हो ?

४. श्री ५ महेन्द्र कसरी राजनीतिज्ञ होइवक्स्यो ?

५. श्री ५ महेन्द्रका मुख्य मुख्य कामहरू के के हुन् ?

६. कविवर श्री म. वि. वि. शाहको कविताको एक श्लोक अर्थसहित लेख ।

७. वाक्यमा प्रयोग गर

(क) दिलोज्यान (ख) श्रद्धा (ग) स्वर्गीय

(घ) त्याग (ङ) अभिभारा

घरायसी चिठी

३० गते असोज ०३६

१५/३४३ क्षेत्रपाटी, काठमाडौं

पूज्य दाजु,
नमस्कार !

यहाँ हामी सबैलाई सन्चै छ । त्यहाँ दाइलाई पनि सन्चै होला । तपाईको चिठी नपाएको धेरै दिन भयो । आराम खबर नआएकोले हामी सबैलाई पीर लागेको छ ।

दशैंमा घर आउनुहोला भन्ने कत्रो आश थियो, आउनु भएन । अब तिहार पनि नजीकै आएको छ । दशैंमा जस्तै आउंछु भनेर नआउनु होला नि । बरू समयमै दुई चार दिन बिदा मिलाएर अवश्य आउनु होला । आउनु भएन भने हामी निकै ठूलो चिन्तामा पर्नेछौं । सानी बहिनी दाइ कहिले आउने भनेर सोधिरहन्छिन् । मैले त कतिसम्झाई सकें – तिहारमा आउनुहुन्छ भनेर । आमा पनि दिक्क हुनु भएको छ ।

यसपाला भाइटीकाको एक दुई दिन पछि नै हाम्रो विद्यालयको अभिभावक दिवस मनाइने भएको छ । दाइ आउनु भयो भने कति रमाइलो हुन्थ्यो । मैले पनि खेलकूद र नाटकमा भाग लिएकी छु । अहिलेसम्म त दौडमा मैले सबैलाई जितिरहेकी छु । त्यो वेला भने के होला कुन्नि ।

अरू सबै कुरा भेट भएपछि गरुँला । बरु जसरी भए पनि दाइ नआई भएन । नत्र हामीलाई साह्रै नरमाइलो लाग्नेछ ।

तपाईंकी बहिनी
निर्मला अर्याल

पठाउने:-
निर्मला अर्याल
क्षेत्रपाटी
काठमाडौं, नेपाल।

श्री कृष्ण प्रसाद अर्याल
नेपालगञ्ज बजार
नेपालगञ्ज
बाँके जिल्ला
मेरी अञ्चल ।

शब्द र अर्थ

आरामी खबर = सन्चै छ भन्ने समाचार
पीर = दिक्क, दु:ख
दिक्क = खिन्न, अपशोच, दिक्दार

अभ्यास

१. तलका प्रश्नका जवाफ देऊ

(क) चिठी पठाउनेले आफ्नो ठेगाना पत्रको कुन ठाउँमा लेख्नु पर्छ ?
(ख) चिठो पठाउनेको नाम पत्रमा कहाँ लेखिन्छ ?
(ग) आशीर्वाद, धेरै धेरै माया भन्ने शब्द कस्ता मान्छेलाई लेख्दा प्रयोग गर्नुपर्छ ?

२. टाढा पढ्न बसेका आफ्ना दाजुलाई घरमा आमा बिरामी हुनुहुन्छ छिटै आउनुहोस् भन्ने व्यहोरा राखी सानो चिठी लेख ।

३. पठाउने मान्छेलाई खाममा लेखिने नाम र ठेगानाको एउटा नमूना लेख ।

राष्ट्रिय चिन्हहरू

सबै मानिस आफू जन्मेको देशलाई मन पराउँछन् । आफ्नो देशको नाम सबैतिर चलोस् भन्छन् । देशलाई चिनाउने प्रत्येक देशका भिन्ना-भिन्नै चिन्ह हुन्छन् । त्यस्ता चिन्हहरूलाई राष्ट्रिय चिन्ह भन्दछन् । नेपालका राष्ट्रिय चिन्ह धेरै छन् । ती चिन्ह मध्ये लाली गुराँस पनि एउटा हो ।

नेपाल हिमालको काखमा छ । यहाँका हिमाली प्रदेशमा र उच्च पहाडको क्षेत्रमा लाली गुराँस फुल्दछ । चैत्र र वैशाखमा यो फूल ढकमक्क फुलेर वनै उज्यालो पार्छ । गुराँस धेरै रङका हुन्छन् । लाली गुराँस अरू गुराँस भन्दा चहकिलो हुन्छ । राष्ट्रिय चिन्हको रूपमा रहेको यो लाली गुराँसले हाम्रो देशमा उच्च पहाडी प्रदेश र हिमाली प्रदेश बढी छ भन्ने जनाउँछ ।

नेपाल एउटा सनातन धर्म मान्ने देश हो । यहाँका सबै मानिस आफ्ना आफ्ना धर्ममा दृढ छन् । नेपालीहरू शिव पार्वतीको पूजा गर्छन् । पार्वती मात्र हैन, यहाँका महिलाहरू सिन्त्रिक मन पराउँछन् । सिन्त्रिक नलगाएका नारीको मुखै अँध्यारो देखिन्छ । गणेश-पूजा र अरू देवताको पूजाआजामा पनि रातो नभै हुँदैन । हाम्रो झण्डाको भुइँ पनि रातो छ । "रातो राम्रो गुलियो मीठो" भन्ने उखान पनि यहाँ चलेको छ । नेपालमा कुमारी पूजा गर्ने आजको मात्र चलन हैन । कुमारीको पूजामा सबै कुरा रातै चाहिन्छ । सूर्यको पूजामा पनि रातो नभै हुन्न । त्यसैले सिन्त्रिक (रातो) रङलाई राष्ट्रिय रङ मानेको हो ।

हाम्रा राष्ट्रिय चिन्हहरू

राष्ट्रिय झण्डा

श्रीपेच

श्री ५ महाराजाधिराजको झण्डा

निशाना छाप

राजदण्ड

श्री ५ महाराजाधिराजको शाही चिन्ह

राष्ट्रिय पंछी–डाँफे

राष्ट्रिय फूल–लाली गुरांस

राष्ट्रिय जनावर–गाई



राष्ट्रिय रंग–सिम्रीक

राष्ट्रिय गान

श्रीमान गम्भीर नेपाली प्रचण्ड
प्रतापी भूपति श्री ५ सरकार म-
हाराजाधिराजको सदा रहो-
स उन्नति राखून चिरायुश्च
ले प्रजा फैलियोस : पुकारौं ज
य प्रेमले हामी नेपाली सारा ले

राष्ट्रिय गान

गाईलाई मान्ने, पूजा गर्ने हाम्रो प्राचीन चलन हो। आजसम्म पनि हामी गाईलाई मान्दै आएका छौं। गाईलाई गोमाता भन्दछौं। दिनदिनै गाईको सेवा गर्दछौं। गाईलाई हामी अनादर गर्दैनौं। यसको मल-मूत्रलाई हामी गोबर गहुँत भन्छौं। यसलाई अति पवित्र मान्दछौं। शरीर शुद्ध पार्न पञ्चगव्य खान्छौं। बालकको लागि गाईको दूध पोसिलो हुन्छ। बिरामी, बालक, बूढाबूढीलाई पनि गाईको दूधले ज्यादै फाइदा गर्छ। दूधबाट दही र दहीबाट घिउ बन्दछ। पूजाआजामा पनि दूध, दही, घिउ नभै हुँदैन। गाईले सबैको उपकार गरेको देखिन्छ। यी गुणहरूले गर्दा गाईलाई राष्ट्रिय जनावर मानेको हो।

त्यस्तै डाँफे हाम्रो राष्ट्रिय चरो हो। हिमाली प्रान्तमा हुने यो विश्वको अनौठो चराले नेपालको प्रतिनिधित्व गरेको छ। जब ढकमक्क भएर रङ्गीन डाँफे देखा पर्छ, नेपालको सुन्दरता झल्किन्छ, डाँफेको सौन्दर्यमा नेपाल हाँस्छ। जसरी लाली गुराँसले हिमाललाई फुलाएको छ, त्यसरी नै डाँफेले आफ्नो शोभाले पहाडै रङाएको छ।

६०० देखि ९०० फीट उचाइका हिउँका पहाड र जङ्गली बुटच्यानमा बस्ने यो चराले हाम्रा लोकगीतहरूमा राम्रो ठाउँ लिएको छ।

अब हामी हाम्रो मातृभूमि नेपाललाई छोटकरीमा चिन्छौं, चिनाउँछौं- लाली गुराँस फुल्ने देश, सिम्रिक झैं सौभाग्यशाली देश, गाईलाई पूजा गर्ने र डाँफेको सौन्दर्यमा हाँसेको सुन्दर, शान्त र विशाल नेपाल भनेर।

भुइँ रातो भएको, तीन कुना परेको, दुई भाग जोडिएको, माथि सेतो चन्द्रमा र तल सूर्य भएको हाम्रो राष्ट्रिय झन्डा छ। यसको किनार नीलो हुन्छ। यो पनि हाम्रो राष्ट्रिय चिन्हमा परेको छ। यसको आफ्नै महत्त्व छ। यस्तो झन्डा संसारका कुनै राष्ट्रको पनि छैन। बरु देवीदेवताका मन्दिरमा यस्तो किसिमको चांदीको झन्डा देख्छौं। कहीं कहीं पितलमा सुनको मुलम्मा लगाएका त्यस्तै ढांचाका झन्डा पनि देख्छौं।

एकताको प्रतीक राजमुकुट पनि हाम्रो राष्ट्रिय चिन्ह हो। यसैले हामी राजमुकुटलाई खूब आदर गर्दछौं। यस्तै निशाना छाप, राष्ट्रिय गीत, राजदण्ड पनि राष्ट्रिय चिन्हहरूमा छन्। श्री ५ महाराजाधिराज सरकारको झन्डा पनि हाम्रो राष्ट्रिय चिन्हमा छन्।

शब्द र अर्थ

प्राचीन = पुरानो
पंचगव्य = गाईको दूध, गोवर, घिउ, गहुँत, दही मिसाएर बनाएको वस्तु
पोसिलो = तागतिलो
कल्की = सिउर
मुलम्मा = रासायनिक प्रक्रियाद्वारा कुनै धातुमा चढाइएको सुन, चाँदी आदिको पातलो तह, जलप

अभ्यास

१. तलका प्रश्नको जबाफ देऊ

(क) हरेक देशको आ–आफ्नै राष्ट्रिय चिन्ह किन हुन्छ ?
(ख) हामीले लाली गुराँसलाई राष्ट्रिय फूल किन मानेका हौं ?
(ग) हामीले गाईलाई राष्ट्रिय जनावर मान्नु पर्ने कारण के हो ?
(घ) सिम्रिक रङ कुन कुन काममा प्रयोग गरिन्छ ?
(ङ) डाँफे चरा कस्तो हुन्छ ?

२. तलका वाक्य एक वचनमा दिइएका छन्। तिनलाई बहु वचनमा बदल

(क) हिमालमा गुराँस फुल्छ। (ख) गाई सुधो हुन्छ।
(ग) बगैंचामा फूल फुल्छ। (घ) तराईमा डाँफे पाइन्न।

३. तलका शब्द राखी वाक्य बनाऊ

ढकमक्क। चलन। सिम्रिक। टलकदार। उपकार। अँध्यारो।

शैक्षिक भ्रमण

एक दिन पाँच कक्षाका विद्यार्थीहरूले शैक्षिक भ्रमणमा जान पाए हुन्थ्यो भनी अनुरोध गरे । प्रधान अध्यापकले शिक्षक राम विष्टलाई यस काममा खटाइदिनु भो । राम विष्टले आफ्ना विद्यार्थीहरूलाई पोखरा भ्रमणमा लिएर जानु भयो । यस टोलीमा पन्ध्र जना छात्रछात्रा थिए ।

सात दिनको पोखरा भ्रमण सिध्याएर विद्यार्थी फर्के । यीमध्ये देवेन्द्र थापा टोली प्रमुख थिए । उनले आफ्नो पोखराको अनुभव कक्षामा साथीहरूलाई बताए । भ्रमणमा नजाने साथीहरू बडो उत्सुक भए । रमेश-लाई झन् ज्यादै सकसक लाग्यो । उनी दिउँसो खाजाखाने छुट्टीको वेलामा देवेन्द्रलाई खोज्दै गए । देवेन्द्र विद्यालयको चौरमा बसिरहेका थिए । रमेश उनको नजीकै गएर बसे ।

रमेश – भाइ देवेन्द्र ! तिमीले पोखरा भ्रमण बयान गरेको सुन्दा असाध्यै सकसक लाग्यो । अरू रमाइलो पनि के के भयो सुनूंन ।

देवेन्द्र – 'ओ हो रमेश ! अँ हेर न तिमी त गएनौ । रमाइलो त असाध्यै भयो । तर तिमी पनि गएको भए अझ रमाइलो हुने थियो ।'

रमेश – 'के गर्नु भाइ, जान्छु भनेको त हो नि । आमाले जान दिनु भएन । मलाई कति जान मन लागेको थियो ।'

देवेन्द्र – 'जान त जानै पर्ने रहेछ भाइ यस्तो भ्रमणमा । कति कुरा देख्न पाइने, कति कुरा बुझ्न पाइने ।'

रमेश – 'अँ साँच्चै ! तिमीहरू पोखरामा कहाँ कहाँ गयौ हँ ? अनि कहां बस्यौ ?'

देवेन्द्र -- 'पोखरा भनेर हामी पोखरा शहरमै त बसेनौं। शहरबाट दुई घण्टा हिंड्नु पर्ने लाहाचोक भन्ने ठाउँको निम्नमाध्यमिक विद्यालयमा बस्यौं।

रमेश – 'त्यति टाढा किन बस्न गएका त ?'

देवेन्द्र – 'सबभन्दा पहिल्यै मलाई त त्यो विद्यालय भएको ठाउँ नै असाध्यै रमाइलो लाग्यो। एकातिर मादी खोला सलल्ल घनन्न बगेको देख्न पाइन्छ भने अर्कोतिर सेती नदी बगेको। अनि सेती नदीको जल पनि कस्तो नि ! दूधकै नदी बगेको हो कि जस्तो। फेरि विद्यालयकै सामुन्ने कति उज्यालो माछापुछ्रे। मलाई त त्यो ठाउँ छाडेर कतै पनि नजाउँ जस्तो लाग्यो।''

रमेश – 'ए ! त्यो विद्यालय त्यति राम्रो ठाउँमा पो रहेछ ! अँ त्यहाँको पढाइ कस्तो रहेछ नि ?'

देवेन्द्र – पढाइको बयानै के गर्नु ? हुन सम्म राम्रो।'

रमेश – 'ए ! पहाडको ठाउंमा पनि त्यस्तो राम्रो विद्यालय रहेछ !'

देवेन्द्र – 'किन नहुनु त ? गर्नै मान्छे भएपछि। मान्छेको इच्छा भए जे पनि हुन्छ। त्यो विद्यालयको अगाडि त हाम्रो शहर नजीकको विद्यालय विद्यालय नै भन्न सुहाउँदैन।'

रमेश – 'ए ! किन र हँ ? के रहेछ र त्यस्तो त्यहां ?

देवेन्द्र – गुरुहरू पनि ठीक ठीक वेलामा आउनुहुने, अन्य काममा नअल्मलिने मन लगाएर पढाउने। अनि विद्यार्थीहरू पनि अनुशासनमा बस्ने। कतै हल्ला छैन, कतै झै-झगडा छैन। कस्तो ठाउं।

रमेश – 'विद्यालय भवन पनि राम्रो छ ?'

देवेन्द्र – 'हाम्रो यहाँको जस्तो सिमन्टी ढलान गरेको भवन, राम्रा राम्रा मेच टेबिल भएको त के हुन्थ्यो र। तर सफासुग्घर र टिलिक्क परेको, के भनौं। फोहोरमैला भनेको त विद्यालयको हातामा देख्नै पाइन्न।'

रमेश – 'त्यहाँ करेसा बारी पनि छ ?'

देवेन्द्र – 'विद्यालयमै जोडिएको ठूलो बारी छ। त्यसलाई दुई भाग लगाएर एक भागमा तरकारी र अर्को भागमा फूल लगाउने गरेको रहेछ।

रमेश – 'अनि कहाँ कहाँ घुम्यौ त ?

देवेन्द्र – 'कहाँ कहाँ भनौं सब ठाउँ घुमियो। फेवाताल, महेन्द्र गुफा, के. आई. सिंह पुल, मत्स्य पालन केन्द्र, शरणार्थी क्याम्पस, वराह मन्दिर सबै घुम्यौं। फेवातालबाट माछापुछ्रे त कस्तो राम्रो देखिने, कति नजीकै देखिने।'

रमेश – 'बिजुलीको पावर हाउस हेरेनौ ?'

देवेन्द्र – 'हेरचौं, किन नहेर्नु। विन्ध्यवासिनीको मन्दिर पनि हेरचौं। फेवातालको किनारैको माछापुछ्रे होटेल पनि हेरचौं। कति राम्रो।

रमेश – शैक्षिक भ्रमणमा गएर तिमीहरूले त धेरै कुरा देखेछौ। आधौं त म पनि जसरी भए पनि जान्छु।' (कक्षाको घण्टी बज्छ)

देवेन्द्र – 'ए, घण्टी पनि बज्यो लौ । जाउँ हिँड, कक्षामा ।'

(दुवै उठेर जान्छन्)

शब्द र अर्थ

शैक्षिक भ्रमण = शिक्षा सम्बन्धी कुरा जान्न गरिने घुमफिर ।
खटाइदिनु = काम गर्न तोकिदिनु ।
टोली = समूह ।
प्रमुख = नाइके, मुख्य ।
सकसक लाग्यो = कुनै कुरा जान्ने चाहना बढ्यो ।
अनुशासन = मानिसले पालन गर्नुपर्ने नियम ।
आर्थी = आउने अर्को साल ।

अभ्यास

१. तलका प्रश्न पढी जवाफ देऊ

(क) शैक्षिक भ्रमणमा गएका टोलीलाई विद्यालय रहेको ठाउँ अति नै रमाइलो किन लाग्यो ?

(ख) पोखरामा हेर्न लायकका ठाउँ कुन कुन रहेछन् ?

(ग) रमेशले अर्को साल शैक्षिक भ्रमणमा जाने निधो किन गरे ?

२. शैक्षिक भ्रमण गर्दा के के हुन्छ ? ५० शब्दमा लेख

३. पुरुष तीन प्रकारका हुन्छन्

म, हामी – प्रथम पुरुष हुन् ।
तँ, तिमी, तपाईं, हजूर – मध्यम पुरुष हुन् ।
तिनी, त्यो, तिनीहरू, उनीहरू– तृतीय पुरुष हुन् ।

४. माथिको उदाहरण राम्ररी पढ, बुझ र तलका वाक्य कुन कुन पुरुषमा लेखिएका हुन् ? बताऊ

(क) तिमी त गएनौ ।

(ख) मलाई जान त निकै रहर लागेको थियो ।

(ग) तर आमाले जान दिनु भएन ।

(घ) हामी पोखरा गयौं ।

(ङ) त्यो विद्यालय निकै राम्रो थियो ।

देवी र दानव

एकपल्ट दानवको राजा शुम्भले देवताहरूसँग लडाई गरेर उनीहरूको सबै अधिकार र सम्पत्ति लुटेर लियो। देवताहरूले सकेसम्म त दानवसँग लडे तर केही नलागेर स्वर्ग छोडेर भागे। तर कहाँ जाने र। दानवहरूले कहीं गए पनि लखेट्न छाडेनन्। आखिर उनीहरू विष्णुकहाँ गए। उनीहरूले विष्णुको स्तुति गरे – "हे विष्णु ! दानवले हामीलाई दुःख दिए। उनीहरूबाट हाम्रो रक्षा गर्नुहोस्।"

विष्णुले भने – "हे देवता हो ! दानवको राजासँग मेरो पनि केही लाग्दैन। तिमीहरू अम्बिका भगवतीको शरणमा जाओ। बरू म पनि तिमीहरूसँग जान्छु, हिंड।"

सबै देवता मिलेर भगवतीकहाँ गए। उनीहरूले एकै स्वरले प्रार्थना गरे – "हे आमा ! हे भगवती ! दानवहरूले हाम्रो सबै अधिकार पनि खोसे। हाम्रो सम्पत्ति पनि खोसे। उनीहरूले हामीलाई कहीं गए पनि सुख दिएनन्। त्यसैले तपाईं उनीहरूलाई नाश गरेर हाम्रो रक्षा गर्नुहोस्।"

देवताहरूको प्रार्थना सुनेर देवी खुशी भइन्। उनले दुष्टहरू नाश गरेर सज्जन देवताहरूको रक्षा गर्ने अठोट गरिन्। उनले देवताहरूलाई भनिन् – "धन्दा नमान, तिमीहरू सोझा र सज्जन छौ। त्यसैले म तिमीहरू पट्टि लागेर दानवको नाश गर्नेछु।"

देवी एउटी सुन्दरी युवतीको रूप लिएर हिमालय प्रदेशमा घुम्दै त्यहाँ आइपुगीन्। हिमालय प्रदेशमा डुल्न थालिन्। त्यतिबेला एउटा दैत्य जङ्गलमा शिकार खेल्न एक्लै घुम्ने त्यस्ती राम्री आइमाई-लाई देखेर ऊ लट्ठ परयो। उसले विचार गरयो – यो आइमाई त हाम्रा राजा शुम्भकी रानी बन्न सुहाउने रहिछ। यसलाई राजाकहां लान पाए त राजा खुशी हुने थिए।

दानव दरबार फर्क्यो। ऊ राजाका सामु गएर उभियो। उसलाई देखेर राजा शुम्भले सोध्यो– "किन के भन्न आइस् ?" दानवले हिमालयमा देखेकी आइमाईको विषयमा बिन्ति चढाउँदै भन्यो– "महाराज, त्यो अत्यन्त राम्री आइमाई हजुरकी रानी हुन लायककी छ।"

राजा शुम्भ बुद्धिमान्, वीर, पराक्रमी भएर पनि विलासी थियो। ऊ स्वास्नीमानिसप्रति लुब्ध थियो। राम्री स्वास्नीमानिसको कुरा सुनेर उसले आफ्नो दूतलाई बोलायो। उसले दूतसँग भन्यो– "हिमालय प्रदेशमा एउटी राम्री आइमाई छ रे। तँ गएर उसलाई फकाई फुलाई जसरी भए पनि लिएर आइज। म उसलाई रानी बनाउँछु।"

दूतहरू त्यहाँ गए। उनीहरूले देवीलाई अनेक लोभ देखाएर फकाए। दरबारमा गएर रानी बन्ने आग्रह गरे। तर देवी मानिनन्। आखिर देवीले भनिन् – "मूर्ख दानव हो, तिमीहरूका राजालाई आफ्नो बल र बुद्धिको घमण्ड छ भने मलाई लडाईमा जितेर रानी बनाउन लैजानू भन। जसले मलाई लडाईमा जित्ला उससँग म विवाह गर्नेछु। मेरो कबुल यही छ।" दूतहरू फर्केर गए। उनीहरूले सबै कुरा राजालाई भने। एउटी तुच्छ आइमाईको त्यस्तो घमण्डी कुरा सुनेर दानव राजा शुम्भ हा..हा..हा..हा गरेर खूबसँग हांस्यो। एउटी मामूली आइमाई मलाई लडाई गर्न हाँक दिन्छे ? हा...हा...हा...हा अछ्यूँ खाएँ, बछ्यूँ खाए झुसे बारुलो।"

अनि तुरुन्तै शुम्भ रीसले काम्न थाल्यो। उसलाई आफ्नो बल र बुद्धिको साँच्चै घमण्ड थियो। एउटी आइमाईको हाँक कसरी खपोस् ऊ ?

"जा, धूम्रलोचनलाई बोला।" उसले गर्जेर आज्ञा दियो। धूम्रलोचन शुम्भको सेनापति थियो। राजाले बोलाएपछि ऊ तुरुन्त आयो र लडाईमा खटियो। धूम्रलोचन देवीद्वारा भस्म भएपछि शुम्भले चण्डमुण्डलाई पठायो। अनि शुम्भको आज्ञाले ऊ ठूलो फौज लिएर देवीको नजीक गयो।एकातिर एउटी आइमाई अर्कोतिर दानवको ठूलो फौज, हाँसो उठ्दो लडाई भयो। तर अचम्भ त के भयो भने त्यत्रो फौजले एकै पल्ट छोप्ता पनि देवीलाई समात्न

सकेन। देखदा देखदै चण्डमुण्ड पनि काटिए। यसै गरी शुम्भका रक्तबीज आदि धेरै सेनापतिहरू मारिए। आखिर शुम्भको आफ्नै भाइ निशुम्भ पनि मारियो।

अब शुम्भको मनमा चीसो पस्यो। यो आइमाई मामूली आइमाई त अवश्य होइन। नत्र तीन त्रिलोकै जित्ने उसका बडे बडे बहादुर सेनापति कसरी एउटी आइमाईकी हातबाट मारिए। यो कुरा हुनै सक्तैन।

"म आफैं लडाईमा जान्छु। सेना ठीक गर।" शुम्भ हारेको दुःखले गर्ज्यो। ऊ ठूलो फौज लिएर देवीसँग लडाई गर्न गयो।

"दुष्ट आइमाई तँले मेरा मामूली सिपाही मारिस् भन्दैमा तँलाई घमण्ड भयो होइन? लौ अब मसँग लड्न आइज" शुम्भले गर्जेर झम्टयो।

शुम्भ बौलाएको देखेर देवी हाँसिन्। शुम्भलाई झन् खपी नसक्नु भयो। उसले कड्केर भन्यो – "तँ हाँस्छेस्? तर हाँसेको मज्जा अहिले चाख्लिस्।"

यति भनेर उसले सारा फौज लिएर देवीमाथि झम्टयो। तर देवीले हाँसी हाँसी उसका सबै फौजलाई डढेलोले खर डढाए झैं डढाइन्। आखिर शुम्भ पनि मारियो। यसरी देवीले दुष्टको नाश पारी सज्जनको रक्षा गरिन्। त्यति भएपछि देवताहरू हारिएको आफ्नो अधिकार एवं सम्पत्ति पाएर आनन्दसँग बसे।

शब्द र अर्थ

स्तुति = विन्तिभाउ गर्नु ।
प्रार्थना = अनुरोध गर्नु, बिन्ति गर्नु ।
दुष्ट = खराब चालचलनको ।
सज्जन = असल चालचलनको ।
धन्दा = चिन्ता, पीर ।
सुन्दरी = राम्री
बस्ती = मानिसहरूले घरबार गरेर बस्ने ठाउँ ।
लट्ठ परघो = केही पनि थाहा नपाउने भयो ।
विलासी = बढ्ता ऐस आराम चाहिने, बढी मोजमज्जा गर्ने ।
लुब्ध = लोभी, बढ्ता चाहने ।
दूत = खबर संचार लाने मान्छे ।
अनेक = धेरै, प्रशस्त ।
घमण्ड = बेकारको फूर्ति
कबूल = कबोल, बाचा गर्नु ।
तुच्छ = रद्दी, काम नलाग्ने ।
मामूली = साधारण ।
तत्काल = त्यसै बेला, तुरुन्तै ।
अच्छ्यूं, बच्छ्यूं = अरिंगाल जातको टोक्ने बिखालु कीरो ।
सेनापति = फौज हाँक्ने मुख्य मान्छे ।
भस्म = खरानी, खतम, स्वाहा ।
खड्ग = तरवार जस्तो सोझो हतियार ।

अभ्यास

१. तलका प्रश्न पढी जवाफ देऊ

(क) देवताहरू स्वर्ग छाडेर किन भागे ?

(ख) देवताहरूले भगवतीकहाँ गएर के भने ?

(ग) देवताहरूलाई भगवतीले के वचन दिइन् ?

(घ) दानवका दूतलाई देवीले आफ्नो कस्तो कबूल छ भनेर सुनाइन् ।

(ङ) राजा शुम्भले किन एउटी आइमाईको हाँक खप्न सकेनन् ?

(च) देवीले देवताहरूको रक्षा कसरी गरिन् ?

२. तलका वाक्यहरूमा कुन करण र कुन अकरण हुन् छुट्टयाऊ

(क) दानवले देवताहरूलाई लखेट्न छाडेनन् ।

(ख) हाम्रो रक्षा गर्नोस् ।

(ग) प्रार्थना सुनेर देवी खुशी भइन् ।

(घ) शुम्भले आइमाईको हाँक खप्न सकेन ।

३. वाक्यमा के, कहाँ , किन, कसरी, कति, कहिले शब्द प्रयोग गरेमा प्रश्नार्थ वाक्य बन्छ र यस्ता प्रश्नार्थ वाक्यको पछाडि लाग्ने चिन्हलाई प्रश्नवाचक चिन्ह भन्दछन्, जस्तैः–

तिमी कहाँ बस्छौ ? तिमी गाउँमा गएको कति भयो ?

माथिका वाक्यहरूमा यस्तो [?] चिन्ह प्रश्नवाचक चिन्ह हो ।

४. माथिका उदाहरण दिइएको राम्ररी पढ र खाल्डो र सुत्छ शब्द राखी दुई–दुई प्रश्नार्थ वाक्य बनाऊ

४. देवी, भगवती, लक्ष्मी, गाई, जस्ता पोथी जात जनाउने शब्द लेख्दा पछाडि दीर्घ लेखिन्छ ।

तलका वाक्यमा प्रयोग गरिएका शब्द अशुद्ध छन्, सच्याएर लेख ।

सरस्वतिले भनेको मान्दिन्न । दिदिले टीका लगाइ दिन्छिन् । कुखुरिले फुल पार्छे ।

नालापानी



धेरै वर्ष अघिको
कथा नाला पानीको

सानु सानु नेपाल
फूल जस्तो कोमाल
देश दाउ लाउने
वैरी गर्थ्यो विचार

नाला – पानी किल्लामा
नलिई आराम छिन भर
नसुती चारै प्रहर
खूबै सित लडे रे
बलभद्र कुँवर

पहाडको टाकुरी
चम्के चम चम खुकुरी
जसरी मेघ गर्जन्छ
आकाशमा सनन
उसरी गर्जे नेपाली
नाला – पानी घनन
मूला काटे झैं काटी
खुकुरी घुमे फनन

एकरात सुनसान
पानी आउने मुहान
बैरी आई थुनेछ
सास धान्ने कसरी ?
मनमनै गुनेर
यसरी कि उसरी ?
नेपालीको फौजले
त्यहाँबाट आँटले
पाइला चाल्यो सुस्तरी

स्वास्नीमान्छे ओइरेर
केटाकेटी धुइरेर
युद्धको खेल खेलेथे
उछितो पारी वैरीको
तर कठै छोडेथे
घुट्को नपाई पानीको
अझ ताजा छँदैछ
रगतले लेखेको
धेरै वर्ष अघिको
कथा नाला – पानीको

शब्द र अर्थ

नाला – पानी = नेपाली र अँग्रेजका बीच लडाई भएको ठाउँ
कोमल = नरम
बैरी = शत्रु
दाऊ = मौका
किल्ला = लडाईको समयमा सुरिक्षत हुन बनाएको बलियो ठाउँ
प्रहर = दिन अथवा रातको ४ भागको १ भाग (३ घण्टाको १ प्रहर)
टाकुरी = पहाडको माथिल्लो भाग
उछित्तो = सर्वनाश

अभ्यास

१. तलका प्रश्नको छोटो छोटो उत्तर देऊ

(क) नाला – पानीको कथा कहिलेको हो ?

(ख) वैरीको दाउ के थियो ?

(ग) नेपाली फौजलाई सास धान्न किन गाह्रो भो ?

(घ) युद्धको खेलमा को को सामेल थिए ?

२. नाला – पानी कविता लय मिलाएर पढ ।

३. **तलका शब्दको हिज्जे अशुद्ध लेखिएका छन् । शुद्ध पारेर लेख**

हम्रो । फउज । सुवास्नी । मन्छे । वर्स ।

४. यसरी, उसरी, कसरी जस्ता पछाडि अरी लागेका शब्द दीर्घ लेखिन्छन् ।

"नाला – पानी" कवितामा प्रयोग भएका यस्ता कविता छानी शुद्धसंग वाक्यमा प्रयोग गर ।

विद्यालय सम्बन्धी चिठी

श्रीमान् प्रधान अध्यापकज्यू,
अरनिको नि. मा. वि. विराटनगर, मोरंग

विषयः– स्थानान्तर प्रमाणपत्र बारे ।

महोदय,

पिताज्यूको गत महीनादेखि काठमाडौंमा सरुवा भएकोले आज भोलि वहाँ काठमाडौं नै हुनुहुन्छ । आमा, बहिनी र मलाई पनि काठमाडौंमा बोलाउनु भएको छ । त्यसैले हामीहरू २।४ दिनमै काठमाडौं जाँदैछौं । बहिनी र म दुवै काठमाडौं मै पढ्ने भयौं । त्यसैले नियमानुसारको स्थानान्तरण प्रमाणपत्र पाउँ भनी श्रीमान्मा निवेदन गर्दछु । स्थानान्तरण प्रमाणपत्र नभई अरू विद्यालयमा भर्ना हुन अप्ठ्यारो पर्ने हुँदा सोको आवश्यकता भएको हो । यसको लागि मेरा हाल यहाँका अभिभावक काका शिव प्रसाद शर्माको सिफारिश पनि यसै साथ पेश गरेको छु ।

आज्ञाकारी,
राम प्रसाद शर्मा
कक्षा ५ रोल नं. २०

अभ्यास

१. तलका प्रश्नको छोटो छोटो उत्तर देऊ

राम प्रसादले –

(क) किन स्थानान्तरण प्रमाण पत्र मागे ?

(ख) स्थानान्तरण प्रमाण पत्र पाउन कोसँग निवेदन गरे ?

(ग) ठेगाना र मिति कुन ठाउँमा लेखे ?

(घ) संबोधन र विद्यालयको ठेगानाको ठीक तल के लेखेका छन् ?

(ङ) व्यहोरा शुरू हुनु भन्दा ठीक माथि कुन शब्द प्रयोग गरेका छन् ?

(च) कसको सिफारिश सहित निवेदन दिएका छन् ?

(छ) आफ्नो नाम भन्दा माथि कुन शब्द प्रयोग गरेका छन् ?

(ज) आफ्नो नाम र कक्षा, निवेदकको कुन ठाउँमा लेखेका छन् ?

२. घरायसी चिठी र विद्यालय सम्बन्धी चिठीमा स्पष्ट देखिने कुनै एउटा फरक के हो लेख ।

३. बसाईं सरेको कारणले अर्को विद्यालयमा पढ्न स्थानान्तरण प्रमाणपत्र पाउँ भन्ने व्यहोरा हाली प्रधानाध्यापकलाई एउटा निवेदन लेख ।

गोरे र जुठे

कुनै गाउँमा दुई जना साथी थिए । एउटाको नाउँ गोरे र अर्कोको नाउँ जुठे थियो । गोरे जाँगरिलो, असल र सोझो थियो । ऊ पढेलेखेको र बुद्धिमान थियो । तर ऊ काम नपाएर बेकार थियो ।

जुठे अल्छी थियो । ऊ फटाहा र झेली थियो । अल्छी हुनाले उसले पढ्न पनि सकेन, दुःख पायो । घरमा पनि उसलाई हेला गर्न थाले । एक दिन उसले मनमनै जुक्ति सोच्यो । गोरे पढेलेखेको छ । उसलाई परदेश लग्न सके पढेको हुनाले धन कमाउने छ । अनि म पनि त्यो धन आधा बाँडेर लिन पाउने छु । यस्तै कुरा सोच्दै जुठे गोरे कहाँ गयो । उसले गोरेलाई भन्यो– "हेर गोरे, तिमी पढेका छौ । गाउँमा केही काम छैन । मलाई पनि कमाई गर्दैन भनेर घरमा हेला गर्छन् । त्यसैले हामी दुवै परदेश जाऔं । दुवै मिली धन कमाएर फर्काला ।"

जुठेको कुरा गोरेलाई घत लाग्यो। गाउँमै बेकार बस्नु भन्दा परदेश गएर केही इलम गर्नु राम्रो हो। यति सोचेर उसले हुन्छ भन्यो।

एक दिन गोरे र जुठे दुवै परदेश हिंडे। त्यहाँ पुगेपछि गोरेको बुद्धिले गर्दा उनीहरूले धेरै धन कमाए। धन देखेर जुठेको मनमा पाप उठ्यो। उसले गोरेलाई ठग्ने विचार गरयो र गोरेसँग भन्यो। "गोरे, हामीले धेरै धन कमाई सक्यौं। अब अर्काको देशमा बस्नु ठीक छैन। हिंड घर फर्कौं। उहीं गएर उद्यम गरेर बसौंला।"

गोरे राजी भयो। एक दिन दुवै घर जान हिंडे। उनीहरूको घर नजीकै एउटा जङ्गल पर्दथ्यो। त्यहाँ पुगेपछि जुठेले गोरेसँग भन्यो– "भाइ गोरे, हामीसँग धेरै धन छ। गाउँमा सबै लग्यो भने अरूका आँखा लाग्छन्। त्यसैले सबै धन यहीं कतै लुकाएर अलि अलि मात्र लिएर जाउँ। केही दिनपछि दुवै सँगै आएर लिएर जाउँला।"

गोरेले हुन्छ भन्यो। दुवै मिलेर त्यहीं एउटा रूख मुनि सबै धन गाडेर घर गए।

दुई दिनपछि जुठे सुटुक्क एक्लै जङ्गलमा गयो। उसले लुकाएको ठाउँबाट सबै धन लियो र राती नै घर फर्क्यो।

दुई दिनपछि जुठे फेरि गोरेकहाँ गयो र गोरेसँग भन्यो– "गोरे भाइ, मलाई पैसाले अत्यन्तै खाँचो भयो। हामीले आपनो धन वनमा लुकाएका छौं। हिंड झिकेर ल्याउँ।"

गोरे राजी भयो। दुवै वनमा गए। दुवैले धन गाडेको रूख मुनि खने। त्यहाँ धन हालेको रित्तो भाँडो मात्र थियो। गोरे छक्क परयो।

जुठे भने रिसाउँदै बम्कन थाल्यो। गोरे, "मैले तिमीलाई साथी ठानेर विश्वास गरें। एक्लै आएर तिमीले सबै धन लगेछौ। लौ भन धन कहाँ छ ?"

गोरे बिचरो अक्क न बक्क भयो। जुठेले उसलाई तँ साँच्चिकै चोर रहेछस् भनेर उसलाई पञ्चायतमा लग्यो। "न बिराउनु न डराउनु" भन्ने संझी गोरे पनि लौ हिंड् भनेर जुठेसँग गयो।

पञ्चले गोरेसंग सोधे– "तिमीले धन चोरेको हो ?" गोरेले भन्यो– "होइन मलाई केही थाहा छैन।"पञ्चलाई मुद्दा छिन्न अप्ठेरो परचो। उनीहरूले जुठेसँग सोधे– "साक्षी न गुहारी मुद्दा कसरी छिन्ने ? गोरेले धन चोरेको हो भन्न सक्ने साक्षी को छ ?"

"धन गाडेको ठाउँमा जाऔं म बनदेउता बकाई दिन्छु" जुठेले भन्यो।पञ्चहरूले भोलिपल्ट धन चोरिएको ठाउँमा गएर साक्षी बकाउने र मुद्दा छिन्ने निधो गरे।

जुठेले घरमा आएर बाबुलाई आफूले धन ल्याएको सबै कुरा बताएर भन्यो– "बा ! तपाईंलाई म अहिल्यै लगेर धन लुकाएको रूखको टोड्कामा लुकाइराख्छु। भोलि म पञ्चहरूलाई लिएर आउँछु। हे बन-देउता ! यो धन गोरेले चोरेको हो कि जुठेले ? भनेर पञ्चहरूले सोध्ने छन्। तपाईंले टोड्को भित्रबाटै धन त गोरेले चोरेको हो भन्नू।" जुठेले राती नै बाबुलाई जङ्गलमा लग्यो। धन गाडेको रूखकै टोड्कामा लुकाएर आफू घर फर्क्यो।

भोलिपल्ट पञ्चहरूलाई लिएर जुठे र गोरे वनमा गए। धन गाडेको रूखमुनि पुगेपछिपञ्चहरूले भने– "हे वनदेउता ! गोरे र जुठेमा

को चोर हो ? साँचो कुरा बताइदिनु परयो ।" त्यसपछि रूखका टोड्का-बाट आवाज आयो– "धन त गोरेले नै चोरेको हो ।"

रूखबाट मान्छेको आवाज आएको सुनेर सबैजना छक्क परे । गोरे पनि छक्क परयो । एक त दुःख गरी कमाएको धन चोरिनु, दोस्रो चोर पनि बन्नु, गोरे ज्यादै दुखी भयो ।

एक्कासि उसको मनमा शङ्का उठ्यो । कतै यो जुठेकै जाल त होइन ? उसलेपञ्चहरूसंग भन्यो– "म एकपल्ट जाँच गर्छु ।" "के जाँच गर्छौं ?"पञ्चहरूले सोधे । गोरेले रूखको टोड्कामा सुकेको पात थुपारेर आगो सल्काइदियो । आगो दनदन बल्न थाल्यो । त्यसपछि रूखको टोड्का-बाट ऐया र आत्थ गर्दै एउटा मान्छे निस्केर भाग्यो । एकछिन त सबै जिल्ल परे । आखिर पंचहरूले भाग्ने मान्छेलाई पक्रेर ल्याए । केरकार गर्दा त्यस मान्छेले भन्यो– "मेरो यसमा केही दोष छैन । यो सब मलाई मेरो छोरा जुठेले सिकाएर मैले गरेको हुँ ।" बाबुले सबै साँचो कुरा बके-पछि जुठेले टाउको निहुरायो । उसले धन आफूले चोरेको कुरा कबूल गरयो ।पञ्चहरूले जुठेलाई झ्यालखानामा हाले । उसले चोरेको धन सबै गोरेलाई दिलाए । प्रधान पञ्चले भने– "बाबु गोरे ! तिमी सज्जन र सच्चा रहेछौ । सज्जनले शुरूमा दुःख पाए पनि आखिरमा सुखै पाउँछ । तर दुष्टले शुरूमा मोज गरे पनि आखिरमा दुःखै भोग्नु पर्छ । पाप धुरी-बाट कराउँछ । त्यसैले दुष्ट जुठेले आफ्नो बदमासीको सजाय पायो ।"

शब्द र अर्थ

फटाहा = झूटो कुरा बोल्ने
जाल = बनावटी चाल
घत लाग्दो = खूब मन पर्दो
इलम = काम, उद्योग, उन्नति
उद्यम = इलम, काम
राजी = मनखुशी
आँखा लाग्नु = लोभ लाग्नु

अभ्यास

१. तलका प्रश्नहरू पढी छोटकरीमा उत्तर देऊ

(क) गोरे र जुठेमा कसको स्वभाव असल थियो ?
(ख) जुठेका कुन कुरा गोरेलाई घत लाग्यो ?
(ग) जुठेले गोरेलाई परदेश जाउँ, भन्नाको भित्री मतलव के थियो ?
(घ) जुठेले आफ्ना बाबुलाई के के कुरा भन्नु भनेर सिकायो ?
(ङ) जुठेलेपञ्चको सामु किन टाउको निहुरायो ?

२. गोरे मिलेर वस्छ । – यो वर्तमान कालको वाक्य हो ।
गोरे मिलेर वस्यो । – यो भूतकालको वाक्य हो ।
गोरे मिलेर वस्नेछ । – यो भविष्यत् कालको वाक्य हो ।

माथिको उदाहरण राम्ररी पढ, बुझ र यसको वाक्यलाई भूत र भविष्यत् कालमा बदल

सन्ते हलो जोत्छ । काले कोदालो खन्छ ।

३. गोरे र जुठे कथाको पहिलो अनुच्छेद पढ र त्यहाँका वाक्य कुन कुन कालमा लेखिएका छन् बताऊ ।

राम र श्याम

शनिवारको दिन थियो । हिजो स्कूलमा भएको घटनाको हल्ला सुनेर रामको मनमा सकसक लागेको थियो । ऊ श्यामसँग त्यसबारे सोध्न चाहन्थ्यो । ऊ भात खाएर श्यामको घरतिर हिंड्यो । श्याम पनि भात खाएर बसिरहेको थियो । राम श्यामको घरमा पुग्यो ।

श्याम – राम, आज कताबाट यतातिर ? ढोका खुलै होला माथि नै जाउँ न ।

राम – (कोठामा पुगेपछि) ओ हो ! तिमी त वरिपरि किताबले घेरिएर बसेका रहेछौ । बिदाको दिनमा पनि तिमीलाई कत्ति फुर्सत छैन, हगि ?

श्याम – तिमी पनि अर्कालाई खिसी गर्न त निक्कै सिपालु भै सकेछौ । मिहिनेत गरेर पढ्न सकेको भए जाँचमा तिमीलाई जितिहाल्थें नि । पढ्न सके त हो नि ? भ्यागुता जति उफ्रे पनि कान्ला मुनिको कान्लामुनि नै भने झैं पैल्ला हुन कहिल्यै सकिएको होइन ।

राम – यसै गरी मिहिनेत गर्न थाल्यो भने अब आउने जाँचमा त अवश्य मलाई जित्ने भयौ ।

श्याम – तिमीले भने झैं जित्न सकेको भए त हुन्थ्यो नि । नसकेर पो त । तिमीले जे भने पनि म यस वेला पढेर बसेको त होइन है । बरू, हिजो विद्यालयमा भएको घटनाले गर्दा पो मलाई कस्तो कस्तो लागिरहेछ ।

राम – ए ! साँच्चै म पनि त्यसैको बारेमा तिमीसँग सोधौं भनेर आएको। साँच्चै भनन भाइ । हिजोको घटना के भएको हो ? कसरी भएको हो ? आफू त सन्चो नभएर जान पनि सकिएन ।

श्याम – ठीकै भयो नि । दुर्घटना देखेको भएपनि के हुने थियो र ? उल्टो मन मात्र धमिलिने ।

राम – लौ न त, हिजोको घटनालाई सुनेर मनको खसखस पनि मेटि-हालौं । हिजो विद्यालय नजानु, त्यति ठूलो घटना पनि घट्नु ।

श्याम – हिजोको घटना भनौं भने ती हुल्याहा नरे र जीवनले नै गर्दा भएको हो बुझ्यौ ?

राम – कसरी ,तिनीहरूले के गरे ?

श्याम – हिजो शुक्रबारको दिन साढे एक बजेको छुट्टी हुने कुरा तिमीलाई थाहै छ । म पनि उहीं नै थिए । ती ६ कक्षाका नरे र जीवनले हाम्रो कक्षाका साथीहरूलाई के भनेछन् कुन्नि । एक छिनमा पाँच र छ कक्षाका विद्यार्थीहरू हा हा र हु हु गर्दै विद्यालय बाहिर निस्किहाले । एकैछिनमा बाहिर जम्मा पनि भैहाले ।

राम – बाहिर निस्केपछि अनि के भयो त ?

श्याम – के हुन्थ्यो ? ती नरे र जीवनले 'आज मौका परेको छ खोलामा माछा मार्न जाऊँ । हिजोको बाढीले खोलाको छेउतिरै माछा पनि पाइहालिन्छ । अनि मजासँग पौडी खेल्न पाइन्छ' भनेर सबलाई उराले । उनीहरूको कुरा सुनेर लौ त लौ भन्दै सबै दङ्ग पर्दै खोलातिर हिंडे ।

राम – तिमी त अलि बुझ्ने मानिस, किन पछि लागेर हिंड्यौ त ?

श्याम – म पनि त उही उधाऽको मूला हुँ नि । म पनि त तिनीहरू भन्दा के कम थिएँ र । अनि हामी एकैछिनमा खोलामा पुगिहाल्यौं ।

त्यहीं पुगेपछि सबैले लुगा फुकाले । कोही खोलाका छेउमा माछा खोज्न थाले । कोही पौडी खेल्न थाले । म पनि उनीहरूसंगै पौडी खेल्न थालें ।

राम – अनि के भयो त ?

श्याम – सबै आ–आपना मज्जामा पौडी खेल्ने, माछा मार्ने काममा अल-मलिएका थिए । सरोज पनि खोलाको छेउछाउ तिर पौडी खेल्दै थियो । एकै छिन पछि खोलाको बीचमा पुग्न गएछ । पौडी खेल्न नजान्ने मान्छे, केही बेरमै बाढीको छालले हुत्याउँदै दश हात तल पुरयाई हालेछ ।

राम – पौडी खेल्न नजान्ने मानिस पनि बुद्धु भएर बाढी आएको बेलामा पस्नु हुन्थ्यो त ? कसो मरेनछ ।

श्याम – मैले नदेखेको भए मर्न पनि के बेर । देख्नासाथ हत्तरपत्त बाँकटे हान्दै एक्कै छिनमा भेट्टाइहालें । अनि कपालमा जगल्टयाएर तान्दै बल्ल बल्ल पाखामा उतारें ।

राम – त्यति बेलासम्म के ऊ होशमैं थियो त ?

श्याम – कहाँ हुनु ? बेहोश भैसकेको थियो । नत्र त मलाई पनि लगि-हाल्थ्यो नि गुटमुटयाएर । हेर भाइ, खोलालें बगाएको र पोखरीमा डुब्न लागेको मान्छेलाई विचारैं नगरी बचाउन जानु हुन्न । उसले समात्न पायो भने बचाउनेलाई पनि डुबाउँछ ।

राम – अँ अनि के भयो त ?

श्याम – बेहोशमैं थियो । अर्को एक जना साथी र म भएर सरोजलाई उभिण्डो पारेर पेट थिचिदियौं । भएभरको पानी छाद्यो । एक छिन पछि ऊ चलमलाउन थाल्यो ।

राम – तिमीले ठूलो काम गरेछौ । आफ्नो साथीको ज्यान बचाउनु चान-चुने कुरा होइन । उभिण्डो पारेर पानी छाद्छ भन्ने कुरा तिमीले कसरी जान्यौ ?

श्याम – अस्ति मात्र गुरुले कक्षामा प्राथमिक उपचार पढाउँदा भन्नु भएको होइन ? कति चाँडै तिमीले बिर्सेको ?

राम – ए ! हो त नि । अस्ति मात्र पढाउनु भएको थियो । कति चाँडै बिर्सिएछ । मैले जस्तो तिमीले पनि बिर्सेको भए बिचराको ज्यान जाने थियो । मेरो विचारमा पौडी खेल्न जान्नु पनि खराब कुरा रहेछ । होइन त ?

श्याम – पौडी खेल्नु नै खराब कुरा त होइन । अचेल कुनै कुनै स्कूलमा पौडी खेल्न सिकाउन पोखरी पनि बनाएको हुन्छ रे । तर खेल्नु भन्दैमा जान्दै नजानी पानीमा पस्नु भने मूर्खाइँ हो । पहिले थोरै गहिरो ठाउँमा जान्नेसित सिक्नु पर्छ । अनि मात्र बिस्तार बिस्तार ठूलो ठाउँमा पौड्न सिक्नुपर्छ । तैपनि ठाडो खोलामा पस्न त खूब होश गर्नुपर्छ ।

राम – तिमीले ठीक भन्यौ । जान्नेसँग नसिकी आफैं जान्ने हुनुहुन्न । अब-देखि हरेक शनिवारको दिनमा मलाई पनि पौडी खेल्न सिकाइ दिने गर । जानिराखेपछि मौकामा ठूलो काम आउँदो रहेछ ।

श्याम – हुन्छ । अब आउने शनिबारदेखि नै म तिमीलाई सिकाइ दिने छु । धन्दा नमान । तिमी चाँडै नै सिक्नेछौ ।

राम – ओ हो ! पाँच बजिसकेछ । अबेर पनि त भयो, म त हिंडे । भोलि विद्यालयमै भेटौंला, हुन्न ?

श्याम – हुन्छ त लौ जाऊ ।

शब्द र अर्थ

सकसक लाग्नु = कुनै कुरा जान्ने बढ्ता रहर हुनु
खिसी गर्नु = होच्याएर कुरा गर्नु
दुर्घटना = एक्कासि आइ पर्ने खराब घटना
उभिण्डो = उल्टो घोप्टिएको
उपचार = ओखतीमूलो

अभ्यास

१. तलका प्रश्न पढी संक्षेपमा उत्तर देऊ

(क) विद्यार्थीहरू छुट्टी भएपछि खोलाको किनारमा किन गए ?
(ख) खोलाको किनारमा कस्तो दुर्घटना भयो ?
(ग) बेहोश भएको केटालाई होशमा ल्याउन के गर्नु परचो ?

२. पौडी खेल्न जान्यो भने के के फाइदा हुन्छ, लेख ।

३. राम पढ्छ । केटाहरू खेल्छन् । यी वाक्य सामान्य वर्तमान कालका हुन् । यिनलाई अपूर्ण वर्तमान कालमा बदल्दा राम पढ्दैछ । केटाहरू खेल्दैछन्, हुन्छ ।

माथिको उदाहरण राम्ररी पढ र तलका वाक्यलाई अपूर्ण वर्तमान कालमा बदल

केटाहरू पौडी खेल्छन् । रमेश खोलामा डुब्छ ।

५. तलका क्रियापदलाई वाक्यमा प्रयोग गर

जाऊ । नचन । नडुल । नबस ।

किसानको रहर

सानो छ खेत, सानो छ बारी, सानै छ जहान
नगरी काम, पुग्दैन खान– साँझ र बिहान

बिहान पख झुल्किन्छ घाम– घ्यौराली पाखामा
असारे गीत घन्किन्छ अनि सुरिलो भाकामा

काँधको शोभा हलो र जूवा हातमा कोदाली
जीवन धान्न गर्नु नै पर्ने उकाली ओराली

"छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला
बनाई कुलो लगाई पानी आएर गोडौंला"

भनेर सानी पटुकी रातो बाँधेर झरेकी
धमिलो खोला– बाढीले होला कसरी तरेकी ?

गालामा साना पसिना दाना मोती झैं खुलेकी
घाम र पानी भोक र तिर्खा कसरी भुलेकी ।।

सुसेली हाली बयेली खेल्छ बतास रातमा
जूनले पोख्छ शीतका थोपा धानका पातमा ।।

सुनौला बाला झुलेर होला भूईलाई छोएको
फलेको हाँगो कहिले छ र ननुही रहेको ?

हिमाल हाँस्छ मिलाई सेता दाँतका लहर
किसान बनी जहान पाल्ने यो मेरो रहर ।।

शब्द र अर्थ

धान्नु = निर्वाह गर्ने
बयेली = धान, गहुँ आदिको बालीमा हावा लाग्दा उठ्ने लहर

अभ्यास

१. तलका प्रश्न पढी संक्षेपमा उत्तर देऊ

(क) किसानको काँधको शोभा केले बढाइरहेको छ ?

(ख) सानी के के सोर्चेर फाँटमा झरेकी हो ?

(ग) गालाको पसिना के जस्तै देखिन्छ ?

(घ) फलेको हाँगो कस्तो हुन्छ ?

(ङ) किसानको के रहर छ ?

२. 'किसानको रहर' कविता लय मिलाई पढ ।

३. फलेको हाँगो कहिले छ र ननुही रहेको ? यो हरफको अर्थ सरल भाषामा लेख ।

४. तलका शब्द वाक्यमा प्रयोग गर

छोडौंला । गोडौंला । झरौंला । तरौंला । रोपौंला ।

सीताजी

धेरै धेरै पहिले मिथिला भन्ने देशमा जनक नाउँका प्रतापी राजा थिए। मिथिलाको राजधानी जनकपुर थियो। राजा जनक यसै जनकपुरमा बसेर राज्य गर्दथे। उनी आफ्ना प्रजालाई आफ्नो सन्तानलाई जस्तै प्यारो गरेर हेरविचार गर्थे। प्रजालाई छोराछोरी जस्तै गरेर पालन पोषण गर्ने हुनाले उनलाई सबैका बाबु मानेर जनक भनिएको हो। उनी ठूला ज्ञानी पनि थिए।

राजा जनकको पूजा-कोठामा एउटा ठूलो धनु राखिएको थियो। यो धनु शिवजीको थियो। त्यसैले राजा जनक यसको सधैं पूजा गर्थे। पूजा गर्न पूजा सर्जाम रानीले नै तयार पार्नु पर्थ्यो। अरू कुनै स्वास्नीमान्छे पूजा कोठामा पस्न पाउँदैनथे।

राजा जनककी एउटी छोरी थिइन्। उनको नाउँ जानकी थियो। उनलाई सीताजी पनि भन्थे। उनी अत्यन्त राम्री थिइन्। उनको शील-स्वभाव पनि अति असल थियो। उनी आमालाई धेरै कुरामा सघाउँथिन्। रानीलाई सन्चो भएन वा अरू कुनै कुराले अड्काउ भयो भने पूजा-कोठाको काम पनि जानकी नै गर्थिन्।

त्यति वेला जानकी आठ वर्षकी मात्र थिइन्। एक दिन बिहान राजा जनक पूजा गर्न पूजा–कोठामा पस्ता एउटा अनौठो कुरा देखे। शिवजीको धनु उचालेर त्यो ठाउँ पोतिएको थियो। राजा अचम्म परे। किनभने त्यो धनु एक दुई जनाले उचाल्न सकिने थिएन। त्यस्तो धनुलाई

उचालेर भूई कसले पोत्यो होला ? पूजा–कोठामा रानी र जानकी बाहेक अरू कुनै स्वास्नीमानिस पस्तैनथे । रानीले त्यो धनु उठाउने कुरै भएन । त के जानकीले उठाएकी हुन् त ?

राजा जनकको मनमा खुल्दुली परयो । उनले यो कुरा पत्ता लगाउने विचार गरे र उनले जानकीलाई बोलाएर सोधे – "आज बिहान पूजा–कोठा कसले पोत्यो छोरी ? आमाले कि तिमीले ?"

"मैले पोतेकी । किन र बुबा ?" जानकीले सहजसँग भनिन् । राजालाई झन् अचम्म लाग्यो । उनले सोधे– "धनु राखेको मुन्तिर कसरी पोत्यौ त ?"

जानकीले जवाफ दिइन– "पहिले एकापट्टि पोतें । अनि पोतेको पट्टि धनुलाई सारें । अनि त्यहाँ पोतें । अनि पछि धनुलाई फेरि पहिलेकै ठाउँमा सारिदिएँ । . . . किन धनु मुन्तिर पोत्न नहुने थियो र पिताजी ? त्यहाँ कसिंगर भएकोले मैले त . . . . ."

"होइन, होइन" – राजा जनकले भने । तर उनको मनको आश्चर्य भने मेटिएन । . . . संसारका बडेबडे बहादुरहरूले डेग चलाउन नसक्ने धनु आठ वर्षकी बालिकाले सार्न सकिन् ? . . . . पत्यार नलाग्दो कुरो भयो । राजाले दरबारमा मन्त्री, भाइभारदार सबैलाई यो कुरा सुनाए ।

आखिर गुरु-पुरोहित, मन्त्री, भारदारसँग सल्लाह गरेर राजाले एक दिन ह्याली पिटाए– जसले शिवको धनुमा तांदो चढाउन सक्छ, त्यसैसंग मेरी छोरी जानकीको विवाह हुनेछ ।

राजा जनकले धूमधामसँग सीताको स्वयंवरको तयारी गरे । ठूलो मण्डपमा राजा राजकुमारहरूलाई बस्ने ठाउँ बनाए । बीचमा शिव धनु राखे । राजाले ह्याली पिटाएपछि संसार भरका बडेबडे वीर राजा र राजकुमार जनकपुरमा आए ।

हरेकले जानकीसँग बिहा गर्ने आशाले धनुमा ताँदो चढाउन खोजे । तर कसैले पनि धनुलाई डेग चलाउन सकेनन् । राजा जनकलाई साह्रै पीर परयो । के संसारमा जानकीलाई सुहाउने पुरुषार्थी राजकुमार कोही छैनन् ? के संसार वीरहरूले शून्य भयो ? के जानकीले बिहा नभै बस्नु पर्ने हो ? यसरी राजा जनक पीर मान्दै थिए । त्यसै वेला अयोध्याका राजा दशरथका छोरा राम र लक्ष्मण आफ्ना गुरु विश्वामित्रसँग जनकपुर आए । राजा जनकले सबै कुरा उनीहरूलाई सुनाए । राजाले फिक्री मानेको देखेर गुरु विश्वामित्रले रामलाई शिव धनु उठाउने इशारा गरे । राम अयोध्याका राजा, दशरथका जेठा छोरा थिए । उनी स्वयंवर हेर्न भनेर आफ्ना गुरु विश्वामित्रसंग जनकपुर आएका थिए । उनी त्यति वेला तेह्र–चौध वर्षका मात्र थिए । तर राजा जनकले सबै वीरहरूलाई धिक्कारेको उनले सहन सकेनन् । उनी उठेर मण्डपमा गए । धनु सजिलैसंग उठाएर धनुमा ताँदो चढाउन खोजेको मात्र के थिए, धनु नै भाँच्चियो । राजा जनक र सारा जनकपुरवासी खुशीले गद्‌गद् भए । आखिर धूमधामसँग सीताको विवाह रामसँग भयो । उनले पतिको घरमा गएर पनि आदर्श नारी भन्ने नाम कमाइन् । उनले आफ्नो माइती देशको नाउँ संसारभरमा चम्काइन् ।

शब्द र अर्थ

प्रतापी = नामी, ठूलो नाम कमाएका
खुल्दुली = खलबल
पत्यार = विश्वास
ह्याली = सबैले थाहा पाउने गरी दिएको खबर
स्वयंवर = केटीले विहेको लागि आफै केटो रोज्ने चलन ।
मण्डप = धार्मिक काम गर्न बनाएको चौकी
इशारा = संकेत, सान

अभ्यास

१. तलका प्रश्न पढी उत्तर देऊ

(क) मिथिलाका राजालाई जनक किन भनिएको हो ?
(ख) राजा जनक केको पूजा गर्थे ?
(ग) जनकले एक दिन बिहान कुन अनौठो कुरा देखे ?
(घ) राजाले के भनेर ह्याली पिटाए ?
(ङ) रामले सीतालाई कसरी विवाह गर्न पाए ?
(च) जनकपुर कहाँ छ ?

२. तलका वाक्यांश राखी वाक्य बनाऊ

हेरविचार गर्थे । ह्याली पिटाए । पीर परयो । इशारा गरे । गद् गद् भए ।

३. "म" एक वचन हो । यसको बहुवचन "हामीहरू" हुन्छ । तलका शब्दहरू एक वचनमा दिइएका छन् । तिनलाई बहुवचनमा बदल्दा कस्तो रूप हुन्छ, लेख ।
तिमी । उनी । तँ । हजूर । तिनी । छोरो । घर । राजा ।

४. तलका वाक्यहरू क्रम नमिलाई दिइएका छन् । पहिला कुन वाक्य, त्यसपछि कुन वाक्य हुन्छ ? क्रम मिलाएर लेख
जानकी आठ वर्षकी मात्र थिइन् । राजा जनककी छोरी जानकी थिइन् । धेरै पहिले मिथिलामा जनक नाउंका राजा थिए ।

बाटोघाटोको महत्त्व

नेपाल हिमालयको काखमा रहेको रमाइलो देश हो । असंख्य डाँडा-काँडा, खोलानाला र भीर–पाखाले यस देशलाई सिंगारेका छन् । तराईको मैदानी भागलाई छाडेर अरू भाग अग्ला–अग्ला हिमाल र पहाडले ढाकिएको छ । पहाडबाट अनगिन्ति झरनाहरू झरिरहेका छन् । नागबेली परेका नदीहरू छलछलाउंदै बगिरहेका छन् ।

यसरी नदीनाला र पाखा–पखेराले भरिएको देशमा बाटोघाटोको ज्यादै महत्त्व हुन्छ । पानी पनेरो गर्न जसरी बाटो चाहिन्छ, त्यसरी नै देशको एक ठाउँबाट अर्को ठाउँमा पुग्न बाटोघाटोको सुविधा चाहिन्छ । बाटोघाटोको सुविधा भएन भने साह्रै दुःख हुन्छ । एक ठाउँमा फलेको चीज अर्को ठाउंमा पुरयाउन बाटै चाहिन्छ । एक ठाउँमा बनेको माल अर्को ठाउँमा लान पनि बाटो नभै हुँदैन । हिमालतिरका चीजहरू मधेश-तिर पुरयाउन र मधेश तराईको अन्नपात हिमालतिर पुरयाउन पनि बाटोघाटो नै राम्रो हुनु पर्छ । त्यसैले जुनसुकै ठाउँमा पनि बाटो नभई हुँदैन । बाटो भएपछि मात्र मानिसहरूलाई सुबिस्ता हुन्छ ।

हाम्रो देशमा बाटोघाटोको सुविधा कम छ । त्यसैले आजकाल ठाउँ ठाउँमा बाटाहरू बन्दैछन् । गोरेटो बाटो त जहाँ पनि हुन्छ । गाईवस्तु चराउन र घाँस–सोत्तर ल्याउन ओहोर दोहोर गर्दा गर्दै गोरेटो र डोरेटो बाटो बनिसकेको हुन्छ । गोरेटो बाटोलाई अलि ठूलो पारी घोडा चढेर



हिंड्न हुने घोडेटो बाटो पनि ठाउँ ठाउँमा बनेका छन्। घोडेटो बाटोले नपुग्ने भएपछि कच्ची सडक बनाइन्छ। यस्ता बाटाहरू बनाउन गाउं गाउंका मानिसहरू मिलेर श्रमदान गर्छन्। सरकारले पनि योजना गरी बनाएर बाटोहरूको विकास गराउँदैछ। हाम्रो देशमा हरेक वर्ष गोरेटो भए घोडेटो, घोडेटो भए कच्ची सडक तुल्याइंदैछ। कच्ची सडकले मात्र नपुग्ने र धेरै चल्ती भएपछि पक्की सडक र राजमार्ग बनाउन थालिन्छ।

अहिले नेपालमा बाटाघाटा पुग्दो जति बनिसकेका छैनन्। त्यसैले हामी अझै चाहे जति सुखी भइसक्न पाएका छैनौं। जनताको सुख बाटो-घाटोले बढाइदिन्छ। जब पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म बाटाघाटाहरू धेरै बनिसक्लान्, अनि मात्र हामी नेपालीहरू सुखी बन्नेछौं। यसो भएमा एक ठाउँका मान्छे अर्को ठाउँमा पुग्न सजिलैसँग सक्लान्। देशभरिका चीजबीज देशभरि सबैले उपभोग गर्न पाउन सक्नेछन्। अनि त्यस बेला हिमाली भागमा बनेका काम्लो, राडी पाखीहरू पहाड र तराईका मानिसहरूले चलन गर्न पाउनेछन्। मधेश र तराईमा फल्ने धान, गहुँ, रहरहरू हिमालमा बस्ने नेपालीहरूले पनि खान पाउनेछन्।

नेपालको सबभन्दा लामो सडक महेन्द्र राजमार्ग हो । यस सडकलाई पूर्वपश्चिम राजमार्ग पनि भन्छन् । पूर्वदेखि पश्चिमसम्म पुग्ने एउटै बाटो हुनाले यस भन्दा ठूलो बाटो अर्को हुन मुश्किलै छ । यो बाटो पूरा बनिसकेको छैन । ठाउँ ठाउँमा गरेर बनाइंदैछ । पूर्व पश्चिम राजमार्ग बनिसकेपछि हामीहरूलाई आफ्नो देशभित्र आवत जावत गर्न निक्कै सजिलो हुनेछ । हुन त यो बाटो तराई र भित्री मधेश हुँदै बनेको छ । तर पहाडभित्र पस्ने शाखा मार्गहरू पनि बन्दैछन् ।

हाम्रो देशका अरू राजमार्गहरूमा अरनिको राजमार्ग, त्रिभुवन राजपथ, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग आदि बनेका छन् । यी बाटाहरूले पनि पूर्व र पश्चिम पहाडमा जान आउन खूब सजिलो गराएको छ ।

यसरी देशभरि आवतजावत गर्न पाइने बाटाहरू बनिसकेपछि हामीलाई आफ्ना देशभरिका चीज पाउन सजिलो पर्नेछ । घुमफिर गर्न पनि खूब छिटो, सजिलो र रमाइलो हुनेछ । विदेशबाट हाम्रो देश हेर्न आउनेहरूको संख्या झन बढ्नेछ । अनि नेपाल पहाडै पहाडको देश र बाटोघाटो नभएको देश भनी कसैले पनि हेला गर्न पाउने छैनन् । जहाँतहीं जान आउन बाटोघाटोको सुविधा छ भने दुःखी देश भन्न को पाउँछ र ? उकालो, ओरालो, बगर, डगर हिंड्दा कायल हुनु पर्दैन । कैयौं दिन लाग्ने बाटो त एकै दिनको छोटो जस्तो हुनेछ । टाढा ठानेको ठाउँ पनि नजीकै जस्तो मानिने छ ।

हाम्रो देशमा यस्ता बाटाहरू धेरै बनाउनु पर्छ । बाटो बनाउन प्रशस्त खर्च र मालसामान चाहिन्छ । बाटोघाटो चाहिए जति बनाउने हो भने सबका सब मानिस लागिरहनु पर्छ । होस्टेमा हैसे गर्नु पर्छ । कच्चा बाटाहरू पहिले देशभरि बनिसक्नु पर्छ । अनि पालैसँग पक्की बाटाहरू बन्नेछन् । जहिले पक्की बाटाहरू देशभरि बनिसक्लान्, तब हामी सुखी हुन थाल्यौं भनिदिए हुन्छ ।

आहा ! एक ठाउँका मानिस सजिलैसँग अर्को ठाउँमा पुग्नेछन् । हामी अहिले जस्तो दुःख नगरीकन अग्ला अग्ला पहाडका रमाइला दृश्यहरू हेरेर रमाउन पाउनेछौं । त्यस्तै आफ्नो देशको मैदानी फांटमा गुड्न पाउनेछौं । पहाडिया डाँडाका डाँडा कोशी, गण्डकी, कर्णालीको रमाइलो देख्न सक्नेछौ । मेचीदेखि महाकालीसम्म हाँस्दै खेल्दै पुग्नेछौं । एक दिन त्यस्तो रमाइलो हामीले अवश्य देख्नेछौं ।

शब्द र अर्थ

अनगिन्ति = थुप्रै, धेरै
गोरेटो =गाई, भैंसी हिंड्न हुने बाटो ।
घोडेटो = घोडा हिंड्न हुने बाटो ।
श्रमदान = ज्याला नलिई गरिने काम ।
सोतर = गाईवस्तुलाई ओछ्याइदिने घाँस पराल ।

अभ्यास

१. तलका प्रश्न पढी छोटकरीमा उत्तर देऊ

(क) नेपाललाई रमाइलो देश किन भनिन्छ ?

(ख) हामीलाई बाटोघाटो किन चाहिन्छ ?

(ग) बाटोघाटोको सुविधा भयो भने हामीलाई के के फाइदा हुनेछ ?

२. बाटोघाटोको असुविधा हुँदा हामीले के के कठिनाई भोग्नु परिरहेछ ५० शब्दमा नबढाई लेख ।

३. म खान्छु– यो वाक्यमा खान्छु सामान्य वर्तमान हो । म खाँदैछु– यो वाक्यमा खाँदैछु अपूर्ण वर्तमान हो ।

माथिका उदाहरण पढ, बुझ र यो प्रबन्धको तेस्रो अनुच्छेदमा कुन कुन क्रियाहरू अपूर्ण वर्तमानका छन् ? लेख ।

४. यो प्रबन्धको चौथो अनुच्छेदमा कुन कुन क्रियापद भविष्यत् कालमा लेखिएका छन् ? पढ र लेख ।

नैतिक दृष्टान्त

कविशिरोमणी लेखनाथ पौड्याल

छोटो बढे पछि भारी, फूर्ति–ढाँचा बढाउँछ ।
उर्लदो खहरे हेर, कत्तिको गड्गडाउँछ ।

सानै देखि छुचो हुन्छ, दुष्ट मानिसको मति
घोच्ने ती जङ्गली काँढा, पहिले नै तिखा कति ।

गर्नु मिली सबै काम, हुन्छ अत्यन्त फाइदा
एकता हेर ! कस्तो छ, मौरीको महमा सदा ।

उपकारी गुणी व्यक्ति, निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ?

मूर्खको मनमा अति, गाली तुल्य बिझाउँछ ।
दूध पानगरी सर्प, खाली विष बढाउँछ ।

शब्द र अर्थ

नैतिक	= नीतिका कुरा सम्बन्धी	दृष्टान्त	= उदाहरण
भारी	= धेरै	खहरे	= पहाडबाट झरेको खोल्सो
मति	= विचार, बुद्धि	एकता	= सबैको मेल मिलाप
उपकारी	= अरूलाई मदत गर्ने	निरन्तर	= सधैं
पानगरी	= पिएर		

अभ्यास

१. तलका प्रश्न पढी उत्तर देऊ

(क) यो कविता लेख्ने कविको नाम के हो ?

(ख) छोटो मान्छे ठूलो वन्न पुग्यो भने त्यसले के गर्छ ?

(ग) दुष्ट मान्छेको विचार कस्तो हुन्छ ?

(घ) उपकारी मान्छेलाई यस कवितामा केसंग दांजिएको छ

(ङ) मूर्खलाई अति किन हुँदैन ?

२. तलका शब्द वाक्यमा प्रयोग गर

खहरे । जंङ्गली। फाइदा । अति । उपकारी ।

कक्षागत रूपमा ५ का विद्यार्थीले गाउने

राष्ट्रिय गीत

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

खोला र नाला हरियो वन हिमाल हाँसेको
डाँफे र मुनाल मयूर छ यहाँ हेरत नाचेको
लेक र बेसी तराई पहाड़ क्या राम्रो मिलेको, क्या राम्रो मिलेको

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

कस्तुरी मृग गैंडा र चौरी छ यहाँ खेलेको
चाँप र गुराँस छ सुनाखरी गमक्क फुलेको
यसैमा मेरो देशको मुहार अति छ खुलेको, अति छ खुलेको

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

यहाँ छ पाटी देउराली भञ्ज्याङ चौतारी खनेको
बज्दछ मादल गम्केर यहाँ लोकगीत भाकाको
यसैले होला छ देश मेरो स्वर्ग को काखमा, स्वर्गको काखमा

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

महेन्द्र माला कक्षा ५